का.जि.प्र.का.द.नं. १००/०५९/६०
८ फागुन २०८२
शुक्रबार
20 February 2026
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
इपेपर हेर्नु
वर्ष २४, अंक २९। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

कभर स्टोरी

## पपुलिष्ट घोषणापत्र

# प्रणाली सुधारमा छैन जोड

### रास्वपाको करारपत्र

- मध्यम वर्गको विस्तार
- ५ वर्षमा १२ लाख रोजगारी
- प्रभावकारी स्वास्थ्य बिमा
- दलमुक्त राज्य संयन्त्र
- न्याय सुधारमा मेरिटोक्रेसी
- सरकारी सुधारमा लाइन होइन, अनलाइन
- निजी क्षेत्रसँग साझेदार
- करको बोझ हटाउने
- ५-१० वर्षमा मध्यम आय भएको मुलुक
- वार्षिक ७ प्रतिशत आर्थिक वृद्धि
- प्रतिव्यक्ति आम्दानी कम्तीमा ३ हजार डलर
- ५-७ वर्षमा एक सय अर्ब डलरको अर्थतन्त्र

### कांग्रेसको प्रतिज्ञापत्र

- नेता र नाता नहेरी भ्रष्टाचार छानबिन
- संघमा १६ र प्रदेशमा ६ वटा मन्त्रालय
- ५ वर्षमा १५ लाखलाई रोजगारी
- एक पटकको नेपाली, सधैं नेपाली
- जस्तोसुकै रोग लागोस् निःशुल्क उपचारको व्यवस्था
- कुनै पनि नियुक्तिमा दल होइन अब्बल

### एमालेको घोषणापत्र

- ५ वर्षभित्र मुलुकको अर्थतन्त्रको आकार १०० खर्ब
- युवालाई मासिक १० जीबी निःशुल्क डाटा
- स्टार्टअपका लागि १० हजार डलरको कार्ड
- विद्यार्थीलाई २० लाख निर्ब्याजी ऋण
- ७-९ प्रतिशत आर्थिक वृद्धि
- श्रमिकको न्यूनतम पारिश्रमिक २५ हजार
- सुत्केरी पोषण भत्ता २० हजार
- विपन्नको २५ हजारसम्मको ऋण मिनाहा
- एक दशकभित्र पूर्व-पश्चिम विद्युतीय रेल







■ जीवन शर्मा र मुकुन्द लामिछाने/मध्यान्ह

जेनजी आन्दोलनको जगमा हुन लागेको निर्वाचनका लागि दलहरूले ल्याएका घोषणापत्रमा संरचनागत सुधार, संस्थागत सुदृढीकरण, प्रशासनिक पारदर्शिता वा जवाफदेहिताका ठोस खाका न्यून देखिन्छन् । बरु, 'यति रकमको कोष', 'यति लाख रोजगारी', 'यति अर्बको पूर्वाधार' जस्ता घोषणाले घोषणापत्र भरिएका छन् ।

२१ फागुनको निर्वाचन गत २३ र २४ भदौमा भएको जेनजी आन्दोलनको पृष्ठभूमिमा हुन लागेको निर्वाचन हो । जसका लागि मुख्य राजनीतिक दलहरूले चुनावी घोषणापत्र ल्याएका छन् ।

बेथितिविरुद्ध प्रणाली सुधारको माग राखेर नवयुवाहरू आन्दोलनमा उत्रिएका थिए । उनीहरूको मुख्य माग भ्रष्टाचार नियन्त्रण र सुशासन थियो । यसका लागि राजनीतिक स्थिरता खोजेर उनीहरूले शासकीय स्वरुपमा परिवर्तन चाहेका थिए । तर प्रमुख राजनीतिक दलका चुनावी घोषणापत्रमा जेनजीले उठाएका माग सम्बोधन गर्ने ठोस एजेण्डा आउन सकेका छैनन् । घोषणापत्र हेर्दा नियमित चुनावी प्रतिबद्धताभन्दा धेरै देखिँदैन । दलहरूले मतदाता रिझाउन प्रियतावादी नारा, प्रतिबद्धता र घोषणाबाहेक मूर्त रुपमा केही नयाँ सपना देखाउन सकेका छैनन् । त्यस अर्थमा घोषणापत्र, प्रतिबद्धता, प्रतीज्ञा वा बाचा जे भने पनि चुनावी आश्वासनहरू नयाँ बोतलमा पुरानै औषधिजस्ता देखिएका छन्, जसले असन्तुष्टि, निराशा र आक्रोश बोकेर बसेका आमनागरिकको अविश्वासको उपचार गर्न कठिन देखिन्छ ।

जेनजीले माग गरे अनुसार भ्रष्टाचार नियन्त्रण गर्न के कस्तो नीति अवलम्बन गर्ने भन्नेमा दलहरूका एजेन्डा मौन छन् । तथापि, भ्रष्टाचार नियन्त्रणका लागि काम गर्ने प्रतिवद्धता भने मुख्य दलहरूले जनाएका छन् ।

राजनीतिक स्थिरताका लागि प्रणाली सुधारका ठोस योजना आउन सकेका छैनन् । तथापि, संविधान संशोधन गर्ने लगायतका विषय दलहरूका चुनावी घोषणापत्रमा समेटिएका छन् ।

राजनीतिक स्थिरताका लागि संविधान संशोधन गर्ने नेपाली कांग्रेसको प्रतिवद्धता छ । जस अन्तर्गत प्रधानमन्त्री दुई पटक, मुख्यमन्त्री दुई पटक मात्रै हुन पाउने विषय अगाडि सारिएको छ । संघ सरकारमा १६ मन्त्रालय र प्रदेशमा ६ मन्त्रालय बनाउने भनिएको छ ।

नेकपा एमालेले पनि राष्ट्रिय सहमतिका आधारमा संविधान परिमार्जन गर्ने प्रतिवद्धता जनाएको छ । तर, के कस्ता विषयमा परिमार्जन गर्ने हो भनेको छैन ।

विघटित प्रतिनिधिसभामा कांग्रेस पहिलो र एमाले दोस्रो ठूला दल थिए । यी दुई दलले १७ असार २०८१ मा सरकार बनाउँदा संविधान संशोधन गर्ने विषयलाई प्रमुख आधार बनाएका थिए । २३ र २४ भदौमा जेनजी आन्दोलन भएर प्रतिनिधिसभा विघटन भएको थिएन भने कांग्रेस र एमालेले संविधान संशोधन गर्ने भनेर गरेको बाचा कति पुरा गरे भन्ने विषय २०८४ को चुनावमा आउने थियो । उनीहरूले के कति गर्न सकेको हो त्यसबारे जनतालाई बताउने थिए । नेपाली कम्युनिष्ट पार्टी, रास्वपादेखि राप्रपासम्मले आफूअनुकूल संविधान संशोधनलाई मुख्य चुनावी मुद्दा बनाउने पक्का थियो । जसपालगायत मधेस केन्द्रित दलहरूले संविधानसभाबाट संविधान जारी भएदेखि नै संशोधनको माग गर्दैआएकै थिए । तर, दुई वर्ष अगाडि नै हुन लागेको निर्वाचनमा

सार्वजनिक खरिद प्रणालीमा पारदर्शिताको अभाव, संघ-प्रदेश-स्थानीय तहबीच अधिकारको अस्पष्टता, निजामती प्रशासनमा राजनीतिक हस्तक्षेप, नियामक निकायहरूको कमजोर स्वायत्तताको विषयमा घोषणापत्र मौनप्रायः छ । निःशुल्क शिक्षा र स्वास्थ्य सेवा मात्र होइन, न्यायपालिका सुदृढीकरण, प्रशासनिक सुधार, नियामक सुधार, कर संरचना पुनर्संरचना जस्ता विषयमा ठोस केही बोलिएका छैनन् ।

विस्तृत पृष्ठ २ र ८ मा

वैदेशिक रोजगार विशेष

## टर्की : वैदेशिक रोजगारका लागि ओझेलमा परेको मुलुक

**मदनकुमार श्रेष्ठ/मध्यान्ह**
इस्तानबुल, टर्की, ७ फागुन

दक्षिणपूर्वी युरोप र पश्चिमी एसियामा फैलिएको टर्की एक अन्तरमहाद्वीपीय देश हो । राजधानी अंकारा भएपनि सबैभन्दा ठुलो सहर इस्तानबुल हो । समृद्ध इतिहास, विविध संस्कृति र रणनीतिक स्थानका लागि परिचित टर्की पूर्वी र पश्चिमी व्यापार मार्गहरू जोड्ने विविध अर्थतन्त्र भएको एक प्रमुख क्षेत्रीय शक्तिका रूपमा रहेको छ ।

टर्कीको पूर्वीभागमा नेपालीहरू वैदेशिक रोजगारका लागि आएका छन् । टर्कीमा नेपाली कामदारहरू निर्माण, उत्पादन, आतिथ्य र घरेलु सेवा जस्ता क्षेत्रहरूमा कार्यरत छन् । प्रतिमहिना लगभग २५ हजार टर्किस लिरा करिब साढे ६ सय अमेरिकी डलर (करिब ८७ हजार रुपैयाँ) तलब पाउने टर्कीमा प्रायः नेपाली कामदार वैधानिक हैसियतमा



रहेका छन् । टर्कीमा नेपाली कामदारहरूका लागि उत्पादन, कपडा कारखाना, निर्माण, आतिथ्य क्षेत्रमा दक्ष र अदक्ष दुवै श्रमिकका लागि उच्च माग रहेको छ ।

वैदेशिक रोजगार विभागका अनुसार टर्कीमा १ हजार ७ सय ९६ नेपाली कामदार आएका थिए ।

पृष्ठ २ मा

### लोकतान्त्रिक एसोसिएसनको १०१ सदस्यीय निर्वाचन परिचालन समिति

**काठमाडौं/मस-** नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले फागुन २१ गते हुने प्रतिनिधिसभन निर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवारलाई जिताउन निर्वाचन परिचालन मूल समारोह समिति गठन गरेको छ ।

एसोसिएसनले अध्यक्ष दीपक थापाको संयोजकत्वमा १०१ सदस्यीय निर्वाचन परिचालन मूल समारोह तथा प्रचारप्रसार समिति

पृष्ठ २ मा

बढ्दो छ वन्यजन्तु-मानव द्वन्द्व

## घोषणापत्रले छोएन

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ७ फागुन

राष्ट्रिय वन तथा निकुन्ज छेउछाउका बस्तीमा वन्यजन्तु र मानवबीचको द्वन्द्व बर्षेनी बढ्दो छ । बाघ-चितुवाको आक्रमण र भालु, हात्ती तथा बाँदरले किसानको खेतीमा क्षति पुऱ्याउँदा सर्वसाधारण हैरान छन् । यस विषयको ध्यानाकर्षण गराउन मध्यवर्ति क्षेत्रका बासिन्दाले पटक-पटक केन्द्र र प्रदेश सरकारको ध्यानाकर्षण गराउँदैआएका छन् । संसद्मा छलफल नभएको पनि होइन् । तर, दलहरूले ल्याएको चुनावी घोषणापत्रमा भने महत्वका साथ समेटिएन् ।

आर्थिक वर्ष २०८१/२०८२ मा मात्र देशभर वन्यजन्तुको आक्रमणका ५ सय ३ वटा घटना भएका छन् । जसवाट ५० जनाको ज्यानै गयो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण



### ६ महिनामा क्षति

- ३२ जनाको मृत्यु
- १ सय ४७ जना घाइते
- ५ सय २० परिवार प्रमावित
- १ करोड २१ लाखको भौतिक क्षति

तथा व्यवस्थापन प्राधिकरणका अनुसार, ती आक्रमणमा २ सय ४१ जना घाइते भएका छन् । त्यसमा ७ सय ३६ परिवार प्रभावित भएका छन् ।

वन्यजन्तुका कारण किसानहरूको खेतवारी तथा अन्नबाली १ करोड ५१ लाख ७० हजार १ सय रकमभन्दा बढीको

पृष्ठ २ मा

कभर स्टोरी

# पपुलिष्ट घोषणापत्र : प्रणाली सुधारमा छैन जोड




संविधान संशोधन गर्ने लगायतका प्रणाली सुधारका विषयमा प्रमुख दलहरू प्रष्ट बोलेका छैनन् । नियमित चुनावमा झैँ उठाउँदै आएको विषयलाई घोषणापत्रमा लेखेका छन् ।

नेपाली कम्युनिस्ट पार्टीले पनि विगतमा उठाएकै विषयलाई घोषणापत्रमा समेटेको छ । शासकीय स्वरूप, निर्वाचन प्रणालीमा सुधार गर्ने भनेको छ । संघीय मन्त्रिपरिषद् २५ सदस्यबाट घटाउने, प्रदेशको शासकीय स्वरूपमा परिमार्जन गर्ने, थप अधिकारसहितको प्रदेश र स्थानीय सरकार बनाउने भनिएको छ । यी विषय संविधान जारी हुँदा २०७२ मै फरकमतका रुपमा दर्ज गरिएको थियो । जेनजी आन्दोलनपछि बदलिएको परिस्थितिमा नेकपाले के कस्ता विषय परिवर्तन गऱ्यो भन्ने विषय प्रणाली सुधारअन्तर्गत आएका छैनन् ।

बरु रास्वपाले संविधान संशोधनमा विगतमा भनेभन्दा प्रष्ट एजेण्डा देखाउने प्रयास गरेको छ । प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण समानुपातिक संसद्, सांसद मन्त्री नहुने व्यवस्था गर्ने भनेको छ । गैर-दलीय स्थानीय सरकार बनाउने भनेको छ । यसका लागि संविधान संशोधन आवश्यक छ । प्रदेशको शासकीय स्वरुपबारे छलफल गर्ने भनेको छ । तथापि, यसले पनि जेनजी आन्दोलनको माग अनुसार प्रणाली सुधारको ठोस आधार देखाउन सकेको छैन । सम्पति सुद्धीकरण विभाग खारेज गर्ने भनेको छ । तर, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारबारे केही भनिएको छैन । नीतिगत भ्रष्टाचारको विषयमा प्रष्ट केही भनिएको छैन । जबकी, भ्रष्टाचार नियन्त्रण र सुशासन स्थापनाका लागि मन्त्रिपरिषद्बाट नीतिगत निर्णय गर्ने प्रवृत्ति प्रमुख कारकको रुपमा देखा परेको बिभिन्न अध्ययनको निष्कर्ष छ । जेनजीले पनि प्रणालीमै सुधार गरेर पद्धतिबाट परिणाम खोजेका हुन् । जो दलहरूका घोषणापत्रमा प्रष्ट भेटिन्न ।

बरु दलहरूले नियमित समयमा झैँ नागरिकलाई चुनावी घोषणापत्रमा सपना बाँड्ने प्रयास गरेका छन् । बजेट अगाडि ल्याउने नीति तथा कार्यक्रममा झैँ यो गरिनेछ भन्ने वाक्यांशको ज्यादा प्रयोग गरेका छन् ।

घोषणापत्रलाई दलको वैचारिक दिशा, नीति प्राथमिकता र शासन दृष्टिकोणको दस्तावेजका रूपमा लिइन्छ । तर दलहरूका घोषणापत्रहरू नीति तथा कार्यक्रम कार्यान्वयनको खाका भन्दा बढी रकमको घोषणा, सुधारभन्दा बढी वितरणमुखी वाचा केन्द्रित भएका छन् । नेपालमा संघीय संरचनामा गएको एक दशक भइसक्यो । संविधान पुर्णतः लागू हुन सकेको छैन । यो पृष्ठभूमि र जेनजी आन्दोलनको जगमा हुन लागेको निर्वाचनका लागि दलहरूले ल्याएका घोषणापत्रमा संरचनागत सुधार, संस्थागत सुदृढीकरण, प्रशासनिक पारदर्शिता वा जवाफदेहिताका ठोस खाका न्यून देखिन्छन् । बरु, 'यति रकमको कोष', 'यति लाख रोजगारी', 'यति अर्बको पूर्वाधार' जस्ता घोषणाले घोषणापत्र भरिएका छन् ।

नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा र रास्वपाजस्ता ठूला दलदेखि नयाँ उदाएका दलहरूसम्मले घोषणापत्रमा व्यापक आर्थिक कार्यक्रम घोषणा गरेका हुन् । युवा उद्यमशीलता कोष, महिला स्वरोजगार कार्यक्रम, कृषि आधुनिकीकरणमा अर्बौं लगानी, निःशुल्क स्वास्थ्य, पूर्वाधारमा तीव्र लगानी लगायतका कार्यक्रमहरू पनि आवश्यक छन् । तर, यसको लागि स्रोत कहाँबाट आउँछ ? कार्यान्वयन संरचना कस्तो हुन्छ ? यसको जवाफ छैन । संस्थागत सुधार नगरी वितरणमुखी कार्यक्रम टिकाउ हुन्छ ? भन्ने प्रश्नको उत्तर देखिँदैन ।

लामो समयलदखि नेपाली राजनीतिमा उठ्दै आएको प्रश्न हो- नेपालको शासन प्रणालीमा समस्या 'नीति अभाव' भन्दा बढी 'कार्यान्वयन संकट' छ । यसको समाधान किन हुँदैन ? दलहरूका चुनावी घोषणापत्रमा फेरि पनि यि प्रश्नका जवाफ भेटिन्नन् ।

सार्वजनिक खरिद प्रणालीमा पारदर्शिताको अभाव, संघ-प्रदेश-स्थानीय तहबीच अधिकारको अस्पष्टता, निजामती प्रशासनमा राजनीतिक हस्तक्षेप, नियामक निकायहरूको कमजोर स्वायत्तताको विषयमा घोषणापत्र मौन प्रायः छ । न्यायपालिका सुदृढीकरण, प्रशासनिक सुधार, नियामक सुधार, कर संरचना पुनर्संरचना जस्ता विषयमा ठोस केही बोलिएका छैनन् ।

बरु बजेटीय प्रतिबद्धताको शैलीमा आकर्षक कार्यक्रम देखाउने होड गरेको देखिन्छ । यी विषय घोषणापत्रमा सामान्य प्रतिबद्धताका रूपमा उल्लेख भए पनि ठोस संरचनागत सुधारको खाका भेटिन्न ।

निर्वाचन आयोग नेपालले दलहरूलाई घोषणापत्र सार्वजनिक गर्न दबाब दिँदै आएको छ । तर घोषणापत्रको कार्यान्वयन अनुगमन गर्ने औपचारिक संयन्त्र छैन ।

## स्वास्थ्य नीति

**● कांग्रेस**
- सेवामा समान पहुँच र गुणस्तरीयताबारे अनुगमन
- निःशुल्क स्वास्थ्य , ७५३ तहमा आधारभूत अस्पताल र वडा-वडामा क्लिनिक
- स्वास्थ्य बीमा अनिवार्य, दाबी प्रक्रिया सरल, पारदर्शी र समयमै भुक्तानी
- अखाद्य पदार्थमा कर वृद्धिको रकम स्वास्थ्य बीमामा लगानी
- नसर्ने रोग रोकथामकालागि जीवनशैली सुधार कार्यक्रम
- बाल स्वास्थ्य, पोषण, पूर्ण खोप र प्रजनन् स्वास्थ्य कार्यक्रम सुदृढीकरण
- स्वास्थ्यमा १०.५ प्रतिशत बजेट
- दीर्घकालीन स्वास्थ्य नीति, स्वास्थ्य सेवा ऐन
- दुर्गम क्षेत्रमा एयर एम्बुलेन्स सेवा
- स्वास्थ्य सेवालाई डिजिटलाइजेसन गर्ने, टेलिमेडिसिन सेवा प्रभावकारी
- सबै अस्पतालमा प्रभागकारी र गुणस्तरीय सेवा
- औषधिमा आत्मनिर्भर हुन स्वदेशी उत्पादनलाई प्रोत्साहन
- भौतिक, जनशक्ति ब्यवस्थापन र गुणस्तरीय औषधि उपकरणको ब्यवस्था
- निजि स्वास्थ्य संस्थामा १० प्रतिशत सेवा निशुल्क
- स्वास्थ्यकर्मीलाई प्रोत्साहन
- ज्येष्ठ नागरिक उपचारलाई छुट्टै वार्ड

**● एमाले**
- आधारभूत स्वास्थ्य सेवामा निःशुल्क
- सबै तहमा अस्पताल, आधुनिक उपकरणको व्यवस्था
- स्वदेशमै विश्वस्तरीय स्वास्थ्य सेवा
- स्वास्थ्य बीमा प्रणाली र सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम
- स्वास्थ्य बीमा प्रणालीलाई संरचनात्मक र सञ्चालनगत सुधार गरी दिगो बनाउने
- योग, ध्यान, आयुर्वेद, प्राकृतिक चिकित्सा, आम्ची र होमियोप्याथीमा जोड
- स्वास्थ्य प्रणालीमा एआईको प्रयोग
- विदेशबाट नेपालमा अध्ययन गर्न स्वास्थ्य सेवाका विद्यार्थीको कोटा बृद्धि
- स्वास्थ्य क्षेत्रमा सार्वजनिक, निजी र सहकारी लगानी अभिवृद्धि

**● नेकपा**
- प्रजनन स्वास्थ्य तथा आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क
- २०८८ सम्म स्वास्थ्य बीमा शत प्रतिशत बनाउने
- हरेक वडा, समुदाय तथा विद्यालयमा मिड-लेभल स्वास्थ्य टोली
- स्वास्थ्य चौकीहरूमा ३६५ दिन सेवा विस्तार
- स्वास्थ्यकर्मीलाई जीवन निर्वाह योग्य तलब, सुविधा तथा सुरक्षा प्रदान
- सातै प्रदेशमा पूर्ण सरकारी स्वामित्वका विशिष्टीकृत प्राज्ञिक तथा रिफरल अस्पताल
- औषधि खरिदमा हुने अनियमितता अन्त्य

**● रास्वपा**
- जन्मदेखि मृत्युसम्म आवश्यकता अनुसार सेवा
- एकीकृत सामाजिक सुरक्षा प्रणाली स्थापना
- शत प्रतिशत स्वास्थ्य बीमाको व्यवस्था
- गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित
- पहुँच योग्य स्वास्थ्य सेवा र सार्वजनिक स्वास्थ्य संरचनाको सुदृढीकरण

## शिक्षा नीति

**● कांग्रेस**
- शिक्षाको सर्वसुलभता र पूर्वाधारमा आधारभूत परिवर्तन
- आर्थिक अभावका कारण शिक्षाबाट बञ्चित हुन नदिने
- शिक्षासँगै जोडेर पोषणको जिम्मा राज्यले लिने
- विद्यार्थीको सिर्जनशीलता र नवप्रवर्तनको उच्चतम् प्रयोग र प्रोत्साहन
- विद्यालय र खेलमैदानमा रमाउँदै बाल्यकाल बिताउन पाउने व्यवस्था
- जीवनोपयोगी ज्ञान, विवेकपूर्ण चेतना र मूल्यमा आधारित शिक्षा प्रणाली

**● एमाले**
- सामाजिक उत्तरदायित्व, नवप्रवर्ततनशील सोच र रााष्ट्रिय सामर्थ्यय अभिवृद्धिमा योगदान गर्न सक्ने जनशक्ति निर्माण गर्ने
- प्राविधिक र उच्च शिक्षाका लागि निर्व्याजी ऋण,
  सरकारी र निजी क्षेत्र र अध्यापनका क्षेत्रमा न्यूनतम पारिश्रमिकको व्यवस्था
  विद्यार्थीलाई २० लाख रुपैंया निर्व्याजी ऋण
  पारिश्रमिक सहितको ईण्टर्नसीप
- किशोरीहरुलाई निःशुल्क प्याड, १० कक्षा सम्मका विद्यार्थीलाई दिवा खाजा
- शिक्षकको मर्यादाक्रम तोक्ने
  सबै शिक्षकलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्ने
- विद्यालय शिक्षा ऐन र उच्च शिक्षा सम्बन्धी ऐन जारी गर्ने

**● रास्वपा**
- विद्यालयमा दलीय राजनीतक गतिविधि बन्द
- गैर दलीय प्राज्ञिक विद्यार्थी प्रतिनिधित्व प्रणालीको विकास
- सार्वजनिक शिक्षाको गुणस्तर वृद्धि
- निजी विद्यालयको शुल्क संरचना, शिक्षक योग्यता, पुर्वाधार र शैक्षिक परिणामको आधारमा नियमन
- योग्यता, क्षमता निरन्तर पेशागत विकास र स्पष्ट जवाफदेहीतामा आधारित प्रणाली लागू गर्ने,
- नेपालमा विदेशी विश्वविद्यालयहरुका आँगिक क्याम्पस र विदेशी डिग्री कार्यक्रमहरु सञ्चालन गर्न सरल बनाउने

**● नेकपा**
- शिक्षा ऐन जारी गर्न संकल्प प्रस्ताव पेश गर्ने
- विद्यालय तहमा जारी नाफामूलक निजी लगानीलाई निरुत्साहित
- सामुदायिक विद्यालय सुधार, जनशक्ति व्यवस्थापन तथा समुदाय सहभागिता,
- विद्यार्थीको नतिजाका आधारमा शिक्षकको कार्यसम्पादन मूल्याकन,
- निजी विद्यालयको शुल्कमा अधिकतम सीमा निर्धारण,
- राजनीतिक हस्तक्षेप रहित उच्च शिक्षा आयोग गठन,
- कक्षा ४-८ मा नैतिक शिक्षा अनिवार्य
  मावि तहमा इतिहास विषय थप गर्ने
  सीटिईभिटीलाई प्राविधिक शिक्षा विश्वविद्यालय बनाउने

## कृषि नीति

**● कांग्रेस**
- आगामी १० वर्षलाई 'कृषि लगानी दशक घोषणा
- कृषि पेसालाई मर्यादित, सुरक्षित र वैज्ञानिक वर्गीकरण गरी सुविधा उपलब्ध गराउने
- पेटभरी खुवाउने, देशलाई चिनाउने किसानको नेपाल बनाउने
- आधुनिक उद्यम, किसानलाई सम्मान र उत्पादनको उचित मूल्य सुनिश्चित गर्ने
- स्थानीय सरकारको कुल बजेटको १५ प्रतिशत र प्रदेश सरकारको १० प्रतिशत रकम कृषि क्षेत्रमा
- साना किसानको श्रमलाई लागतमा गणना गरी परियोजनाको शतप्रतिशतसम्म ऋण उपलब्ध गराउने,
  कृषि विकास बैंकलाई साना किसानसम्म वित्तीय पहुँच पुऱ्याउन 'डेडिकेटेड बैंक' परिचालन
- मल र विउ क्यालेन्डर बनाएर आपूर्ति गर्ने,
  तराईमा रासायनिक मल कारखाना स्थापना गर्ने
- साना किसानलाई किसान क्रेडिट कार्ड,
  कृषि तथा पशुपन्छी बीमा दाबी भुक्तानी १५ दिनभित्र सुनिश्चित गर्ने,
  भूमिहीन तथा सीमान्तकृत किसानलाई उत्पादन उपरान्त नगद अनुदान दिने व्यवस्था गर्ने
- बाँदर, बँदेल र दुम्सीजस्ता जंगली जनावर नियन्त्रण
- तरकारी, फलफूल, दूध, माछा र मासुमा आत्मनिर्भर बन्न भण्डारण क्षमता बढाउने
- कृषि एम्बुलेन्स' सेवा सञ्चालन गर्ने
  किसानको उत्पादन सरकारले खरिद गर्ने,
  उखु, दूध लगायत किसानको भुक्तानी सुनिश्चितता गर्ने
- आधुनिक प्रविधि र नवप्रवर्तनमा जोड दिने,
  बाँझो जमिन उपयोग गर्न स्थानीय तहमार्फत 'भूमि बैंक' स्थापना गर्ने,
  करार खेतीलाई कानुनी मान्यता दिने
  हरेक किसान परिवारलाई 'माटो स्वस्थता कार्ड' दिने
- तरकारी र फलफूलमा विषादी परीक्षण अनिवार्य

**● एमाले**
- मझौला वा ठूला स्केलका खेति, पशुपन्छी, मत्स्य तथा मौरी पालनका फर्म सञ्चालन गर्ने
- उद्यमीहरूलाई सहुलियत ऋण, बीमा सुविधा र सहुलियत दरमा जग्गा
- जमिन, वित्तीय स्रोत, साधन, कृषिउपजको समर्थन मूल्य तोक्ने
  बीमा र व्यवसायिक उत्पादनकर्तासँग कृषिउपज खरिद गर्ने,
  भूमि बैङ्कको व्यावसायिक 'इकोसिस्टम' निर्माण गर्ने
- जैविक मल, रोग किरा नियन्त्रण,
  रैथाने बीउको संरक्षण, प्रवर्द्धन र स्तरोन्नति गर्ने
- एक वडा एक कृषि प्राविधिकको व्यवस्था गर्न प्रोत्साहित गर्ने
- धान,गहुँ मकै, कोदो, फापर लगायतका बाली उत्पादनमै अनुदान
  दूध, अण्डा, माछा र मासुमा आत्मनिर्भर बनाउने ।

**● रास्वपा**
- कृषि क्षेत्रमा आयात प्रतिस्थापन गर्ने
- उत्पादन सम्भावना भएका कृषि उपजको उत्पादन बृद्धि गर्ने
  आत्मनिर्भर सुसनिश्चित गर्ने भन्सार कानुन र अन्य नीतिगत सुधार गर्ने
- कृषि उपजको मुल्य अभिबृद्धि हुने उद्योगलाई प्रथमिकता दिने
  कृषि उपजमा कर छुट भन्सार सहुलियत तथा लगानी प्रोत्साहन गर्ने
- भु-उपयोग पुनरावलोकन गर्ने
  बाँझो कृषियोग्य जमिनको उपयोग गर्ने
- सिंचाई र मलखाद तथा यान्त्रिकरणमा जोड

**● नेकपा**
- 'कृषि लगानी दशक' बनाउने
- लगानीमा सरकारी, निजी, सहकारी तथा दातृ निकायको सहभागितामा जोड
- दुई वर्षभित्रमा धान, गहुँ, तरकारी, फलफूल, दूध, मासु, माछामा पूर्ण आत्मनिर्भर
- एक वर्षभित्र सबै किसानलाई किसान परिचयपत्र
- एक वर्षभित्र एकीकृत कृषि ऐन बनाउने
- राष्ट्रिय कृषि विपद् कोष स्थापना गर्ने,
  कृषकलाई राहत र नियमित कृषि गणना गरी डिजिटल किसान डाटावेश लागु गर्ने ।

---

### टर्की...

त्यसमा म्यानपावर कम्पनीहरूले जम्मा १ सय ११ जना पठाएको देखिन्छ । पाकिस्तानमा रहेको नेपाली राजदूतावासले टर्कीको पनि जिम्मेवारी पाएको छ । पाकिस्तान पुगेर मागपत्र प्रमाणीकरण गराउनु झन्झटिलो भएको कतिपय व्यवसायीको गुनासो छ । टर्कीमा नेपाली जनशक्तिको सीप र क्षमताअनुसारको रोजगारी भएपनि बजार प्रवर्धनको सरकारी उपेक्षा र मागपत्र प्रमाणीकरणको झन्झटिलो प्रक्रियाले टर्कीमा ठुलो संख्या नेपाली आउन नसकेको कतिपयको टिप्पणी छ ।

टर्कीबाट युरोपेली मुलुक पठाउँछु भन्ने नेपाली दलालको प्रलोभनले युवाहरू भिजिट भिसामा टर्की पुग्ने गरेका छन् । टर्कीबाट ग्रिस जाने र त्यहाँ एसाइलम फाइल गरिदिने भन्दै युएईमा रहेका अधिकांश पाकिस्तानी दलालले नेपालीलाई फसाउने गरेको पाइन्छ । कतिपय पाकिस्तानी दलालले नेपालीलाई अपहरण गरी रकमसमेत असुल्ने गरेको गैरआवासीय नेपालीहरूको भनाइ छ ।

### लोकतान्त्रिक...

गठन गरेको हो । एसोसिएसनले कोशी प्रदेशमा नरेन्द्रप्रसाद ढकाल, मधेश प्रदेशमा दानबहादुर बुढाथोकी, बागमती प्रदेशमा विनोदजंग केसी, गण्डकी प्रदेशमा श्यामप्रसाद श्रेष्ठ, लुम्बिनीमा रामप्रसाद गैरे, कर्णालीमा ऋषिप्रसाद शर्मालाई संयोजक तोकेको छ ।

एसोसिएसनले फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा निर्वाचनमा पार्टीका १६५ वटै क्षेत्रका उम्मेदवारलाई विजयी गराउन काम गर्ने बताएको छ । अध्यक्ष थापाले आगामी निर्वाचनमा पार्टीको नीति, विचार र उम्मेदवारको पक्षमा शुभेच्छुक संस्थामा आबद्ध वैदेशिक रोजगार व्यवसायीलाई आफ्नो जिल्ला र क्षेत्रमा सक्रिय बनाउन आह्वान गरिएको बताए ।

### घोषणापत्रले...

नोक्सानी बेहोर्नुपरेको प्राधिकरणले जनाएको छ । एक वर्षको अन्तरमा ३ सय २४ वटा पशु चौपाया वन्यजन्तुको आक्रमणमा परे । त्यस्तै चालु आर्थिक वर्षको साउन १ गतेदेखि पुस मसान्तसम्म मात्र देशभर वन्यजन्तु आक्रमणका ३२ जनाको मृत्यु भएको छ । आक्रमणमा परी १ सय ४७ जना घाइते भएको प्राधिकरणले जनाएको छ । जसवाट ५ सय २० परिवार प्रभावित भएका छन् भने १ करोड २१ लाख ९३ हजार भन्दा बढी निजी सम्पत्ति नोक्सानी भएको छ ।

बाँके राष्ट्रिय निकुञ्ज पीडितहरूले वन्यजन्तुबाट आफूहरूलाई सुरक्षित बनाउन राजनीतिक दल र दलको प्रतिनिधित्व गर्ने नेताहरूले भूमिका नखेलेको भन्दै आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन बहिष्कार गर्ने चेतावनी दिएका थिए । तर राजनीतिक दलहरु पार्टीको एजेण्डामा समेट्नेभन्दै आस्वासन दिएका थिए ।

निकुञ्ज क्षेत्रबाट आएका वन्यजन्तुले स्थानीयको बालीनालीमा क्षति पुऱ्याएको र घरपालुवा वस्तुभाउमा समेत क्षति पुगेको उनीहरुको गुनासो रहँदैआएको छ । निकुन्ज क्षेत्र वरपरका बासिन्दाले आफूलाई असुरक्षित महशुस गर्दैआएका छन् । प्रभावित क्षेत्रका बासिन्दालाई रास्वपा नेता बालेन्द्र शाहले बस्ती नै सार्नुपर्ने बताए भने तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले मान्छे खुवाएर बाघ पाल्न नसकिने धारणा व्यक्त गरेका थिए । तर, मुख्य राजनीतिक दलका घोषणापत्रले व्यवहारिक समाधान खोज्नेगरी कुनै योजना अघि सार्न सकेको देखिँदैन् । प्रभावित क्षेत्रका बासिन्दाको हित संरक्षणका लागि अभियान चलाउँदैआएकी मानव अधिकारकर्मी हिमा सुनार पछिल्लो समय वन्यजन्तु र मानवबीच द्वन्द्व बढ्दै गए पनि समाधानको खोजी हुन नसकेको गुनासो बताउँछिन् । 'दिनहुँ वन्यजन्तुको आक्रमणवाट स्थानीयको ज्यान गईरहेको छ । अवस्था भयावह छ ।', उनले भनिन्, ''वन्यजन्तुको त्रासले विद्यार्थीहरु विद्यालय जान डराउछन्, खेती गर्न खेतवारीमा जान डर छ । चौपायालाई वनजंगल चराउन, घाँस दाउरा गर्न डर छ ।'

वन्यजन्तुको त्रासले दैनिकी नै प्रभावित भएको उनी सुनार बताउँछिन् । 'सरकारलाई हामीले धेरै ध्यानाकर्षण गरायौं तर चासो देखाएनन्', उनले भनिन्, दलहरुले घोषणापत्रमा पनि महत्व दिएनन् ।' वन कार्यालय तथा स्थानीय तहहरुले सचेतना कार्यक्रम चलाउने गरे पनि वन्यजन्तुको आक्रमणका घटना घट्न सकेको छैन । वन्यजन्तुको आक्रमणवाट मृत्यू भएका व्यक्तिहरुले उचित राहत तथा खेतीवारीमा नोक्सानी भएको क्षतिपुर्तिसमेत नपाएको उनी बताउँछिन् ।

# पोखराको पब्लिक डिबेटमा रास्वपा र कांग्रेस उम्मेदवार अनुपस्थित

**सुजन विश्वकर्मा/मध्यान्ह**
पोखरा, ७ फागुन




निर्वाचनको माहोल तातेका बेला उम्मेदवार र मतदाताबीच प्रत्यक्ष संवाद गराउने उद्देश्यले 'समृद्ध राष्ट्र, दूरदर्शी नेतृत्व' भन्ने नारासहित जेसीआई पोखराले आयोजना गरेको सार्वजनिक बहस (पब्लिक डिवेट) कार्यक्रम सम्पन्न भएको छ ।

पोखरा सभागृह हलमा बिहीबार आयोजित कार्यक्रममा प्रतिनिधिसभा प्रत्यक्षतर्फ कास्की जिल्ला क्षेत्र नम्बर २ का उम्मेदवार हरूबीच खुला संवाद कार्यक्रम (ककस) सञ्चालन गरिएको थियो। कुल १७ जना उम्मेदवारमध्ये ११ जनाको उपस्थिति सुनिश्चित गरिएको आयोजकले जनाएको थियो ।

तर कार्यक्रमका लागि निमन्त्रणा गरिएका माधवप्रसाद बास्तोला (नेपाली कांग्रेस) र उत्तम प्रसाद पौडेल (राष्ट्रिय स्वतन्त्र पार्टी) भने कार्यक्रममा सहभागी भएनन् ।

आयोजकका अनुसार दुवै उम्मेदवारसँग पटक-पटक फोन सम्पर्क गर्दा 'केही समयमा आउने' जानकारी दिइएको थियो । तर कार्यक्रम सकिँदासम्म उनीहरू उपस्थित नभएपछि सभाहलमा रहेका मतदाताहरूले प्रश्नबाट भागेको र जवाफदेही नदेखिएको टिप्पणी गरेका थिए ।

कार्यक्रम एबीसी टेलिभिजनमार्फत प्रत्यक्ष प्रसारण भइरहेको थियो। सहभागी नभएका उम्मेदवारले पनि बहसका विषय सुन्न सकून् भन्ने उद्देश्यले उनीहरूतर्फ लक्षित प्रश्नहरू समेत राखिएको सहजीकरणकर्ताले जानकारी दिए ।

**अन्य उम्मेदवारको सहभागिता**

कार्यक्रममा रश्मि आचार्य (नेपाल कम्युनिष्ट पार्टी (एमाले)), हेमराज थापा पराजुली (नेपाल कम्युनिष्ट पार्टी), हेमजंग गुरुङ (राष्ट्रिय प्रजातन्त्र पार्टी), कुशल गुरुङ (उज्यालो पार्टी नेपाल), ओलबहादुर गुरुङ (मंगोल नेशनल अर्गनाइजेशन), ज्ञानराज गुरुङ (नेशनल रिपब्लिक नेपाल) तथा स्वतन्त्र उम्मेदवारहरू निरञ्जन कोइराला र विष्णु प्रसाद तिमिल्सिना सहभागी भएका थिए ।

बिहान ११ बजेदेखि सुरु भएको कार्यक्रमको सहजीकरण पत्रकार दीपेन्द्र श्रेष्ठले गरेका थिए। सहभागी उम्मेदवारहरूले आफ्ना योजना, प्रतिबद्धता र उम्मेदवारीको औचित्य प्रस्तुत गर्दै मतदातासमक्ष मतदानको अपिल गरेका थिए ।

बहसमा सुशासन, रोजगारी, शिक्षा, स्वास्थ्य, पर्यटन र पोखराको दीगो विकास जस्ता विषयमा प्रश्न उठाइएका थिए । सहभागी उम्मेदवारहरूले आ-आफ्नो दल र व्यक्तिगत एजेन्डा स्पष्ट पार्दै आफूहरू निर्वाचित भए कार्यान्वयन गर्ने योजनाबारे धारणा राखेका थिए ।

निर्वाचनको मिति नजिकिँदै जाँदा सार्वजनिक बहसमा अनुपस्थित रहने उम्मेदवारप्रति मतदाताको चासो र आलोचना बढ्दै गएको देखिएको छ । मतदाताले प्रत्यक्ष संवादलाई उम्मेदवारको जवाफदेहिता परीक्षण गर्ने महत्वपूर्ण माध्यमका रूपमा लिएका छन् ।

# आयोजना अलपत्र पार्ने निर्माण कम्पनी धमाधम कालोसूचीमा

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ७ फागुन




सार्वजनिक निर्माणका ठेक्का लिएर बर्षौंदेखि अलपत्र पारेका कम्पनीहरुलाई सम्पर्कमा बोलाउँदासमेत नआएपछि सरकारले कारबाहीको प्रक्रिया अघि बढाएको छ । कतिपय ठेक्का तोडेर नयाँ प्रक्रिया थालिएको छ भने अटेर गर्ने निर्माण कम्पनीलाई कालोसूचीमा राखिएको छ ।

विभिन्न सार्वजनिक निकायका ठेक्का अलपत्र पारेको भन्दै २० वटा निर्माण तथा आपूर्तिकर्ता कम्पनीलाई सार्वजनिक खरिद अनुगमन कार्यालयले कालोसूचीमा राखेको छ। ती कम्पनीहरुलाई एक वर्षको लागि कालोसूचीमा राखिएको हो। अन्य निर्माण व्यवसायीहरुलाई पनि धमाधम कालोसूचीमा राख्ने प्रक्रिया अघि बढाइएको छ । सरकारले कडाई गरेपछि निर्माण व्यवसायी र सरकारबीच आरोप-प्रत्यारोप बढ्दै गएको छ। गत शुक्रवार २० वटा निर्माण कम्पनीलाई कालोसूचीमा राखेको कार्यालयले त्यसको साता नबित्दै थप १५ कम्पनीलाई कालोसूचीमा राख्ने तयारी थालेपछि विवाद बढेको छ ।

सार्वजनिक खरिद प्रक्रियामा पारदर्शिता र अनुशासन सुदृढ गर्ने उद्देश्यले अलपत्र योजना पार्ने निर्माण व्यवसायी तथा आपूर्तिकर्तालाई कालोसूचीमा राखेको कार्यालयले जनाएको छ । सरकारी ठेक्का लिएर समयमै काम नगर्ने वा ढिलासुस्ती गर्ने विभिन्न १५ वटा निर्माण व्यवसायी तथा आपूर्तिकर्ताहरूलाई सात दिनभित्र लिखित स्पष्टीकरण पेस गर्न बुधवार अन्तिम मौका दिइएको छ। कार्यालयले ती कम्पनीहरूलाई किन कालो सूचीमा नराख्ने भन्नेबारे चित्तबुझ्दो आधार र प्रमाणसहित उपस्थित हुन भनेको छ। यसअघि पनि ३० दिने सुचना जारी गरिएको थियो । तर, उक्त अवधिमा कुनै पनि लिखित जवाफ नआएपछि कार्यालयले सार्वजनिक सूचनामार्फत पुन: ७ दिनको अल्टिमेटम दिएको हो ।

कार्यालयले यसअघि सूचना जारी गर्दै यी कम्पनीहरूलाई तोकिएको समयभित्र लिखित स्पष्टीकरण पेस गर्न निर्देशन दिएको छ। कालोसूचीमा परेका कम्पनीहरूले लिखित रूपमा स्पष्टीकरण पेस नगरेमा र स्पष्टीकरण सन्तोषजनक नभएमा नियमावली अनुसार कारबाही हुने चेतावनी दिइएको छ । कार्यालयले अनुप कन्स्ट्रक्सन, अच्युत कन्स्ट्रक्सन एण्ड सप्लायर्स, अंसुमन निर्माण सेवालाई कालो सूचीमा राख्नको लागि स्पष्टीकरण सोधेको छ । नागार्जुन/आशिका जेभीलाई पुष्पलाल मध्यपहाडी राजमार्ग योजनाको सिफारिसमा कालोसूचीमा राख्ने तयारी गरिएको छ । त्यस्तै पन्थ-तारा लक्ष्मी जेभी, रिदम कन्स्ट्रक्स, फ्रन्टलाइन बिल्ड, के.एम. कन्स्ट्रक्सन, टेक एण्ड सपना कन्स्ट्रक्सन, एबीसी निर्माण सेवा, गायत्री माँ कन्स्ट्रक्सन, भूमिराधा बिल्डर्स, नारायण भागरथी जेभी र कृपा इन्जिनियरिङ कन्स्ट्रक्सन एण्ड सप्लायर्स लगायतलाई कालोसूचीमा राख्न स्पष्टीकरण सोधिएको हो। ती निर्माण कम्पनीलाई कालोसूचीमा राख्न सडक डिभिजन कार्यालयमार्फत सिफारिस गरिएको छ ।

निर्माण व्यवसायी महासंघले भने पक्षपात पूर्ण एवं गैरजिम्मेवार तरिकाले कालोसूचीमा राखेको आरोप लगाउँदै आएको छ। यसमा निर्माण व्यवसायीहरुको १० प्रतिशत र ९० प्रतिशत सम्बन्धित कार्यालयको दोष रहेको दाबी गर्दै संघका अध्यक्ष रवि सिंहले कार्यालयको नियतमाथि प्रश्न उठाएका छन् । 'कार्यालयका कर्मचारीहरुले आफनो कुनै कमिकमजोरी नसुधारिकन कालोसूचीमा पार्ने प्रकृयाहरु अत्यन्त गलत छ,' उनले भने ,'यसलाई पुर्ण रुपमा पुनरावलोकन गरेर काम गर्ने बातावरण बनाउनु पर्छ ।'

कार्यालयका कर्मचारीहरुले आफूले गरेका कमी कमजोरी नस्वीकारेर निर्माण व्यवसायीहरुलाई मात्र गल्ती देखाउने गरेको उनको आरोप छ। निर्माण व्यवसायीहरुको मुख्य समस्या खरिद ऐन भएको सिंह बताउँछन्। सार्वजनिक ऐनको दफा (२९) जवसम्म खारेज गरिदैन, तवसम्म पुर्वाधार चलायमान नहुने उनले दाबी छ ।

सार्वजनिक खरिद अनुगमन कार्यालयकी प्रशासन, योजना तथा सूचना प्रविधि महाशाखाकी निर्देशक मुना चगुठीले कालोसूचीमा परेका र पर्ने प्रक्रियामा रहेका अधिकांश निर्माण व्यवसायीहरु खरिद ऐन अर्न्तगत रहेको बताउँछिन् । 'निर्माण व्यवसायीहरु अधिकांशले ठेक्का लिएर पिटि ठेक्का लगाउने, बर्षौंसम्म योजना अलपत्र पार्ने गरेका छन्,' उनले भनिन्, 'ती निर्माण व्यवसायीहरु कालोसूचीमा परेका हुन् ।'

सार्वजनिक निर्माणका जिम्मा लिएर सम्झौताको अवधिमा सम्पन्न नगर्ने, सम्पर्कमा नआउने, अन्य पिटि ठेकेदारलाई जिम्मा लगाउनेजस्ता कार्यहरु भईरहेको उनले आरोप छ। सम्बन्धित सार्वजनिक निकायहरूले ती कम्पनीलाई कालोसूचीमा राख्न सिफारिस गरेपछि कार्यालयले म्याद दिएर स्पष्टीकरण माग गर्ने र चित्त वुझ्दो नभए कालोसूचीमा राख्ने गरेको चगुठी बताउँछिन् ।

कार्यालयको निर्णय अनुसार अधिकांश कम्पनीलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ भने केही कम्पनीलाई खरिद प्रक्रियाबाट वञ्चित गरिएको छ। कालोसूचीमा परेका व्यवसायी तथा आपूर्तिकर्ताले तोकिएको अवधिभर कुनै पनि सार्वजनिक निकायसँगको खरिद तथा ठेक्का प्रक्रियामा सहभागी हुन पाउने छैनन् । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ को उपनियम ४(क) बमोजिम कारबाही अघि बढाइएको कार्यालयले जनाएको छ ।

# नेपाल-पोर्चुगल द्विपक्षीय परामर्श संयन्त्रको बैठक बस्दै

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, ७ फागुन



नेपाल-पोर्चुगल द्विपक्षीय परामर्श संयन्त्रको पहिलो बैठक शुक्रबार पोर्चुगलको राजधानी लिस्बनमा बस्दैछ ।

बैठकमा सहभागी हुन परराष्ट्र सचिव अमृत बहादुर राई नेतृत्वको तीन सदस्यीय नेपाली प्रतिनिधिमण्डल बुधबार लिस्बन आइपुगेको छ। राई नेतृत्वको टोलीलाई पोर्चुगलका लागि नेपाली राजदूत प्रकाशमणि पौडेलले लिस्बनस्थित अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरे । टोलीमा परराष्ट्रका सहसचिव एवं युरोप महाशाखाका प्रमुख गणेश प्रसाद ढकाल र उपसचिव उत्तम घिमिरे रहेका छन् ।

बैठकको सहअध्यक्षता सचिव राईले गर्ने बताइएको छ। नेपाली प्रतिनिधिमण्डलमा परराष्ट्र मन्त्रालयका वरिष्ठ अधिकारीहरूका साथै राजदूत पौडेल र दूतावासका अधिकारीहरू सहभागी रहने लिस्बनस्थित नेपाली दूतावासले जनाएको छ ।

बैठकमा नेपाल-पोर्चुगलबीचको समग्र द्विपक्षीय सम्बन्धको समीक्षा गरिनुका साथै साझा चासोका क्षेत्रीय तथा बहुपक्षीय मञ्चहरूमा सहकार्यका विषयमा छलफल हुनेछ। दुबै देशका परराष्ट्र मन्त्रालयका उच्च अधिकारी सहभागी हुने उक्त बैठकमा द्विपक्षीय सम्बन्धलाई थप सुमधुर बनाउने तथा आपसी हित, व्यापार, पर्यटन, आर्थिक सहकार्य र सहयोग अभिवृद्धिबारे छलफल हुने बताइएको छ ।

बैठकमा पोर्चुगलमा रहेका आप्रवासी नेपालीको अवस्था, कागजी प्रक्रियामा देखा परेका समस्या र नेपाली समुदायको हित लगायतका विषयमासमेत विशेष प्राथमिकताका साथ छलफल गरिने परराष्ट्र सचिव राईले जानकारी दिए। पोर्चुगलवासी नेपालीले भोग्नुपरेका समस्या र तिनको समाधानका लागि बैठकमा विशेष ध्यानाकर्षण गराईने उनले बताए। साथै, प्रहरी रिपोर्ट तथा अन्य कागजी प्रक्रियामा देखिएका जटिलतासहित पोर्चुगलवासी नेपाली समुदायको समग्र हितसँग सम्बन्धित विषयमा गहन छलफल गरिने राईले बताए ।

पोर्चुगल भ्रमणका क्रममा सचिव राईले पोर्चुगलको परराष्ट्र मन्त्रालयका उच्च अधिकारीहरूसँग भेटवार्ता गर्ने, नेपाली दूतावासको औपचारिक उद्घाटन गर्ने तथा पोर्चुगलमा रहेका नेपाली समुदायसँग अन्तरक्रिया गर्ने कार्यक्रम तय भएको राजदूत पौडेलले जानकारी दिए। नेपाली प्रतिनिधिमण्डल आगामी आईतवार स्वदेश फर्कने कार्यक्रम रहेको छ। नेपाल-पोर्चुगल परामर्श संयन्त्र सन् २०१८ मा स्थापना भएको हो ।

# रास्वपाभित्र असन्तुष्टि : दुई दिनभित्र तीन जनाले छाडे पार्टी

**काठमाडौं/मस-** पछिल्लो दुई दिनयता राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भित्रको आन्तरिक असन्तुष्टि सतहमा आएको छ । मधेशकी संस्थापक सभापति ममता शर्मा र बागमती प्रदेशका उपसभापतिसहित तीन प्रभावशाली नेताले पार्टी परित्याग गरेपछि संगठनभित्र उम्मेदवार छनोट र नेतृत्व शैलीबारे गम्भीर प्रश्न उठेको छ ।



२०७९ सालमा काभ्रे-२ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार बनेका बागमती प्रदेश उपसभापति दिनेश गौतमले उम्मेदवार छनोट प्रक्रिया विधान, मापदण्ड र आन्तरिक लोकतन्त्रविपरीत भएको आरोप लगाउँदै साधारण सदस्यसमेत नरहने गरी राजीनामा दिएका छन् ।

उनले लामो समयदेखि पार्टीमा सक्रिय कार्यकर्तालाई पाखा लगाएर अन्य दलबाट हालसालै प्रवेश गरेका व्यक्तिलाई प्राथमिकता दिइएको दाबी गरेका छन् । 'जान्नेलाई छान्ने' मूल नारा व्यवहारमा कार्यान्वयन नभएको भन्दै उनले सीमित व्यक्तिको प्रभाव र चाकडी संस्कृतिले प्राथमिकता पाएको आरोप लगाए ।

गौतम २०७९ को निर्वाचनमा काभ्रे-२ बाट १० हजार ५७३ मत ल्याएका थिए । यसपटक उक्त क्षेत्रबाट रास्वपाले नयाँ अनुहारलाई उम्मेदवार बनाएको छ ।

यसअघि मधेशकी संस्थापक सभापति ममता शर्माले बुधबार पार्टी परित्याग गर्दै नेपाली कांग्रेस प्रवेश गरेकी छन् ।

जनकपुरमा आयोजित कांग्रेसको प्रतिज्ञा सभामा उनले औपचारिक रूपमा पार्टी प्रवेश गरेकी हुन् । कार्यक्रममा सभापति गगन थापाले उनलाई स्वागत गरेका थिए । शर्माले रास्वपामा विधि-प्रक्रिया कमजोर बनेको र योगदानको कदर नभएको आरोप लगाएकी छन् । टिकट वितरणमा 'दाग लागेका व्यक्तिहरू' हाबी भएको उल्लेख गर्दै उनले पार्टी छाड्ने निर्णय लिएको बताइन् ।

यसैबीच, रास्वपा नेतृ खेम कुमारी (उर्मिला) भुर्तेलले पनि साधारण सदस्यसमेत नरहने गरी राजीनामा दिएकी छन् । २०७९ को प्रतिनिधिसभा निर्वाचनकी उम्मेदवार रहेकी उनले पार्टी स्थापना कालका मूल्य, विधान र सार्वजनिक प्रतिबद्धताविपरीत गतिविधि बढ्दै गएको आरोप लगाएकी छन् ।

उनका अनुसार युवा पुस्तालाई अवसर दिने र सक्षम व्यक्तिलाई अघि सार्ने प्रतिबद्धता व्यवहारमा कार्यान्वयन हुन सकेको छैन । पार्टीभित्र चाप्लुसी र आर्थिक प्रभाव हाबी भएको उनको भनाइ छ ।

राजीनामा दिएका नेताहरूले केन्द्रीय संरचना विस्तारमा अपारदर्शिता, सदस्यता तथा आर्थिक व्यवस्थापनमा प्रश्न, विधान उल्लंघन, प्रदेश तथा तल्लो तहको आवाज बेवास्ता र शीर्ष नेतृत्वमाथि नैतिक प्रश्न उठाएका छन् ।

लगातार तीन नेताको बहिर्गमनले आसन्न निर्वाचनको मुखैमा रास्वपाभित्र आन्तरिक व्यवस्थापन र नेतृत्व शैलीबारे बहस तीव्र बनेको छ ।

लुम्बिनी प्रदेश सरकार
भौतिक पूर्वाधार बिकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
**सडक पूर्वाधार विकास कार्यालय**
कपिलवस्तु

**बोलपत्र स्वीकृत गर्ने आशयको सुचना**

(प्रकाशित मितिः २०८२/११/०८)

यस कार्यालयबाट मिति २०८२/०९/२८ मा e-bidding मार्फत प्रकाशित सुचना अनुसार म्यादभित्र *bolpatra.gov.np/egp* मार्फत पेश हुन आएका बोलपत्रहरू मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभुतरूपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजानिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूलाई जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

| सि. नं. | कार्यको विवरण | ठेक्का नः | छनौट भएका बोलपत्रदाता | कबोल रकम (मु.अ.कर समेत) रु. |
|---|---|---|---|---|
| 1 | Tikkar Buddi Bijgauri Taulihawa Sadak, Kapilvastu | RIDOKAP / 10144 / NCB / 082-83 / 32 | Ishwor Nirman and Suppliers Pvt. Ltd., Sitganga-8, Arghakhanchi | 1,708,745.48 |

Khaptad Chhededaha Rural Municipality
**Office of The Rural Municipal Executive**
Dogadi, Bajura
Sudurpaschim Province, Nepal

**Invitation for Sealed Quotation**

***First Date of Publication: 2082/11/08 B.S.***

Khaptad Chhededaha Rural Municipality, Dogadi, Bajura invites electronic bids only from Nepalese eligible bidders for the Procurement of the following Goods as mentioned in the table below Under Sealed Quotation Procedure. Eligible Bidders may obtain all further information from PPMO's website http://www.bolpatra.gov.np/egp.

| S. N. | Contract No. | Description of Work | Bid Doc. Fee (NRs.) | Estimated Amount (NRs.) (Excluding V.A.T. & Contingencies) | Minimum Bid Security Amount | Bid Validity/ Bid Security Validity Period | Last Date of | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | Bid Submission | Bid Opening |
| 1. | KCRM/SQ/G/ 01/2082-83 | Procrument Of Medicines & Medical Items For Health Institutions Under KCRM | 1,000.00 | 25,00,145.00 | 75,000.00 | 45 days /75 days from the last date of bid submission | 2082/11/25 (March 09th , 2026 AD) 12:00 hrs | 2082/11/25 (March 09th , 2026 AD) 12:30 hrs |

***Chief Administrative Officer***

# हर्षोल्लासका साथ रमजान सुरु

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ७ फागुन

मुस्लिम समुदायको पवित्र पर्व र रमजानको महीना बिहीबारदेखि विधिवत् रूपमा सुरु भएको छ । इस्लाम धर्म अनुसार नवौं हिजरी महिनामा पर्ने रमजानलाई सबैभन्दा पवित्र महिना मानिन्छ, जसमा उपवास, प्रार्थना, दान र आत्मशुद्धि मुख्य अभ्यासका रूपमा हुन्छन् ।

देशभरका मुस्लिम धर्मावलम्बीहरूले बिहान सूर्योदय अघि 'सेहरी' गरी पहिलो रोजा सुरु गरेका थिए । सूर्यास्तपछि 'इफ्तार' गरेर व्रत तोडिने परम्परा रहन्छ। रमजान केवल खानपानको त्याग मात्र होइन, यो आत्मसंयम, नैतिक अनुशासन र धार्मिक अभ्यासको महिना पनि हो, धर्मगुरुहरूले यस महिनामा गरिने प्रार्थना र दानको पुण्य अन्य समयभन्दा ७० गुणा बढी हुने विश्वास गराउँछन् । मुस्लिम समुदायले आम्दानीको निश्चित हिस्सा 'जकात' दानका रूपमा गरिब तथा असहायलाई वितरण गर्छन् । रमजानमा पालना गर्नुपर्ने नियमअनुसार झुटो नबोल्ने, रिस नगर्ने र नराम्रो दृष्टि नराख्ने जस्ता अनुशासन पनि अनिवार्य छ। बालबालिका, वृद्धवृद्धा, दीर्घरोगी, गर्भवती वा स्तनपान गराइरहेका महिलाहरूले उपवास गर्न अनिवार्य छैन; उनीहरूले पछि वा गरिबलाई खाना खुवाएर आफ्नो धार्मिक दायित्व पूरा गर्न सक्छन्। विशेष गरी रातिको समयमा मस्जिदमा पवित्र कुरानको वाचनसहितको नमाज पढिन्छ । उपवासको अनुभवले मानिसमा धैर्यता, सहानुभूति र कृतज्ञताको भावना जागृत गर्ने विश्वास छ । झन्डै एक महिना चल्ने रमजानको अन्त्य चन्द्रमा हेरेर 'इद-उल-फित्र' मनाएर गरिन्छ। रौतहटका मुस्लिम समुदायका सदस्यहरूले पर्वलाई हर्षोल्लासका साथ मनाइरहेका छन्, आत्मशुद्धि र धार्मिक अभ्यासमार्फत् आफ्नो जीवनमा संयम र दानशीलता अभिवृद्धि गर्ने अवसरका रूपमा लिइरहेका छन् ।

मध्यान्ह
www.madhyanhadaily.com
८ फागुन २०८२ शुक्रबार
20 February 2026 Friday

सम्पादकीय

## पपुलिष्ट होइन, ठोस कार्यक्रम ल्याऊ

जेनजी आन्दोलनको पृष्ठभूमिमा आवधिक निर्वाचनलाई दुई वर्षअघि सारेर २१ फागुनमा हुँदैछ । गत भदौ २३ र २४ गते युवाहरू भ्रष्टाचार, बेथिति र अति दलीयकरणविरूद्ध सडकमा उत्रिएका थिए । उनीहरूको मुख्य माग थियो– शासन प्रणाली सुधार, पारदर्शिता र अति दलीयकरणको अन्त्य । निर्वाचनका मुख्य प्रतिस्पर्धी ठानिएका दलहरूले आफ्ना चुनावी घोषणापत्र सार्वजनिक गरिरहँदा ती माग पूरा गर्ने ठोस आधार पेस गर्न सकेका छैनन् । जसका कारण विशेष परिस्थितिमा हुन लागेको निर्वाचन पनि नियमित चुनावमा झैं लोकप्रिय नारा र आकर्षक वाचाको पुनरावृत्ति मात्र भइरहेको छ । दलहरूका घोषणापत्र अर्थतन्त्र, आर्थिक वृद्धि, रोजगारी, पूर्वाधार, कोषजस्ता अंकगणित र आश्वासनले भरिएका छन् । निःशुल्क शिक्षा, निःशुल्क स्वास्थ्य सेवा, कृषि आधुनिकीकरण, युवा उद्यमशीलता कोषजस्ता कार्यक्रम आवश्यक नै हुन् । तर ती कार्यक्रमका लागि स्रोत कहाँबाट जुटाउने, खर्चको प्राथमिकता कसरी निर्धारण गर्ने, कार्यान्वयन संयन्त्र कस्तो बनाउने, अनुगमन कसले गर्ने, यस्ता आधारभूत प्रश्नमा घोषणापत्रहरू मौन छन् । नेपालमा समस्या नीति अभावभन्दा बढी कार्यान्वयन अभाव हो । शासन सुधार र नीति कार्यान्वयन सुधारको ठोस उपायबिना आउने प्रतिबद्धता आफैंमा कोरा नारा मात्र हुन् ।

संरचनागत सुधारका विषयमा घोषणापत्रहरू अझै कमजोर देखिन्छन् । सार्वजनिक खरिद प्रणालीमा पारदर्शिता कसरी सुनिश्चित गर्ने भन्ने स्पष्ट खाका कसैले पेस गरेका छैनन् । संघ, प्रदेश र स्थानीय तहबीच अधिकारको दोहोरोपन र अस्पष्टता हटाउने योजना आएको छैन । निजामती प्रशासनमा राजनीतिक हस्तक्षेप रोक्ने, नियामक निकायलाई स्वायत्त र सक्षम बनाउने, कर संरचना पुनर्संरचना गर्ने वा न्यायपालिका सुदृढीकरण गर्ने विषयमा गहिरो प्रतिबद्धता कुनै पनि दलले प्रस्तुत गर्न सकेको छैन । त्यसले प्रतिबद्धता कार्यान्वयन हुनेमा आशंका गर्ने प्रशस्तै ठाउँ दलहरूले दिएका छन् ।

घोषणापत्र कुनै दलको वैचारिक दिशा र शासन दृष्टिकोणको मार्गचित्र हुनुपर्छ । तर अहिलेका दस्तावेजहरू नीति र संरचना सुधारभन्दा बढी वितरणमुखी कार्यक्रम र बजेटीय शैलीका वाचामा केन्ित छन् । नयाँ बोतलमा पुरानै औषधि राखेर मतदाताको विश्वास पुनः प्राप्त गर्न गाह्रो हुन्छ । जेनजी आन्दोलनले केवल सरकार परिवर्तन होइन, पद्धति परिवर्तनको माग गरेको हो । त्यसको उत्तर लोकप्रिय कार्यक्रम होइन, पारदर्शी र उत्तरदायी प्रणाली निर्माण हो । यदि दलहरूले यस ऐतिहासिक क्षणलाई पनि सतही प्रतिबद्धतामै सीमित गरे भने नागरिक असन्तुष्टि र अविश्वास अझ गहिरिने जोखिम बढ्न सक्छ ।

# बंगलादेशको परिवर्तन

*सत्ताको नेतृत्वमा परिवर्तन भएपनि प्रश्न कायमै छ– बंगलादेश साँच्चिकै परिवर्तनको यात्रामा अघि बढ्दै छ कि उही पुरानै अस्थिरताको घुम्तीमा फेरि अल्झिँदै छ ?*

अग्रलेख



● लोकनारायण सुवेदी

नेपालको निकट छिमेकी तथा भारतसँग सिधा सीमा जोडिएको दक्षिण एसियाली मुलुक बंगलादेशमा पछिल्लो समय ठूलो राजनीतिक परिवर्तन आएको ठानिँदैछ । अहिले त्यहाँ यसरी बहस चलिरहेको छ कि बंगलादेश अन्ततः स्थिर सरकारको दिशामा अघि बढ्दै छ कि फेरि उही अस्थिर राजनीतिक चक्रमै अल्झिनेछ ?

दुई वर्षअघि, सन् २०२४ मा, तत्कालीन प्रधानमन्त्री शेख हसिनाको सरकार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कारणहरूको दबाबमा सत्ता च्युत भयो । त्यसपछि शेख हसिनाले भारतमा शरण लिई आफ्नो ज्यान जोगाउन सफल भएकी छन् । त्यस पश्चात् पश्चिमापरस्त छवि बनाएका मोहम्मद यूनूसको नेतृत्वमा बंगलादेशमा अन्तरिम सरकार गठन गरियो ।

अन्तरिम शासनकालमा बंगलादेशभित्र हिन्दु समुदायमाथि योजनाबद्ध हिंसा भएको आरोप मात्र उठेन, भारतविरुद्ध त्यहाँका उच्च ओहोदाका व्यक्तिहरूबाट लगातार उत्तेजक बयानहरू पनि आइरहे । अर्कोतर्फ, पाकिस्तानसँग सम्बन्ध सुधार्ने प्रयास पनि तीव्र बनाइयो, जुन ऐतिहासिक दृष्टिले संवेदनशील विषय हो । किनभने पाकिस्तानकै अत्याचार र शोषणविरुद्ध लडेर, भारतको प्रत्यक्ष सहयोगमा बंगलादेश अलग राष्ट्र बनेको इतिहास अझै ताजै छ ।

अन्तरिम यूनूस सरकारमाथि निर्वाचन गराउनुपर्ने दबाब निरन्तर बढिरहेको अवस्थामा अन्ततः १२ फेब्रुअरी २०२६ मा आम निर्वाचन सम्पन्न गराइयो । तर सो निर्वाचनमा शेख हसिनाको पार्टी अवामी लीगलाई भाग लिन दिइएन । भारतमा निर्वासनमा रहेकी शेख हसिनाले यस चुनावलाई अवैध भन्दै रद्द गर्न माग गरे पनि परिणाम उल्टिन सकेन । निर्वाचनपछि तारिक रहमान बंगलादेशको शासनको कमान सम्हाल्न सफल भएका छन् ।

पछिल्ला करिब ३५ वर्षमा बंगलादेशको सत्ता कहिले शेख हसिना

> *अन्तरिम शासनकालमा बंगलादेशभित्र हिन्दु समुदायमाथि योजनाबद्ध हिंसा भएको आरोप मात्र उठेन, भारतविरूद्ध त्यहाँका उच्च ओहोदाका व्यक्तिहरूबाट लगातार उत्तेजक बयानहरू पनि आइरहे । अर्कोतर्फ, पाकिस्तानसँग सम्बन्ध सुधार्ने प्रयास पनि तीव्र बनाइयो, जुन ऐतिहासिक दृष्टिले संवेदनशील विषय हो ।*

त कहिले खालिदा जियाको हातमा केन्द्रित रहँदै आएको थियो । यी दुई 'बेगम'हरूको राजनीतिक वर्चस्व अब इतिहासमा सीमित हुन थालेको संकेत देखिँदैछ । शासन सत्तामा पुगेका रहमानले भारतसँग राम्रो सम्बन्ध कायम गर्ने प्रतिबद्धता व्यक्त गरिसकेका छन् । तर केवल इच्छा व्यक्त गर्दैमा भारत-बंगलादेश सम्बन्ध सहज बन्छ भन्ने ग्यारेन्टी हुँदैन । यसका लागि बदलिँदो विश्व राजनीतिक परिवेश र दक्षिण एसियाको जटिल भू-राजनीतिक अवस्थालाई सूक्ष्म रूपमा केलाउन आवश्यक देखिन्छ ।

नवनिर्वाचित प्रधानमन्त्री तारिक रहमानले अमेरिकामा डोनाल्ड ट्रम्पले प्रयोग गरेको 'अमेरिका फर्स्ट' नाराको शैलीमा 'बंगलादेश फर्स्ट' भन्ने नारा अघि सारेका छन् । यस्ता राष्ट्रवादी नाराहरू विश्वका धेरै देशका चुनावमा सुनिँदै आएका छन् । यद्यपि व्यवहारमा यी नाराहरू प्रायः मौखिक अभिव्यक्तिमै सीमित रहने गरेका छन् । विश्लेषकहरूका अनुसार रहमान भारत, चीन र पाकिस्तानसँग 'समान दूरी' कायम गर्न चाहन्छन् । चुनावअघि उनले 'न दिल्ली, न रावलपिण्डी– बंगलादेश फर्स्ट' भन्ने अभिव्यक्ति दिएका थिए । तर चुनाव जितेपछि पहिलो पत्रकार सम्मेलनमा उनले भनेका थिए- बंगलादेशको विदेश नीति कुनै देश-केन्द्रित नभई राष्ट्रिय हित र जनताको आवश्यकतामा आधारित हुनेछ ।

उनले चीनलाई विकासको सन्दर्भमा 'राम्रो मित्र' माने पनि 'बेल्ट एन्ड रोड इनिसिएटिभ' बंगलादेशको अर्थतन्त्रका लागि कत्तिको उपयोगी छ भन्ने विषयमा पुनरावलोकन गरिने बताएका छन् । शेख हसिनाको प्रत्यर्पणबारे सोधिएको प्रश्नमा उनले यो विषय कानुनी प्रक्रियामा निर्भर रहने जवाफ दिएका छन् । अवामी लीग समर्थकमाथि मुद्दा लगाउने र हैरानी दिने विषयमा उनले 'कानुनको शासन' लागू हुने बताए पनि सबै राजनीतिक दलसँग एकताको अपिल गर्दै राष्ट्र निर्माणका लागि सामूहिक प्रयास आवश्यक रहेको धारणा राखेका छन् । उनले चुनावपछि बदला वा हिंसा नहुने स्पष्ट पार्दै पार्टीकार्यकर्तालाई विजय जुलुससमेत ननिकाल्न निर्देशन दिएका थिए ।



३०० सदस्यीय संसदमा बंगलादेश नेशनल पार्टी (बीएनपी) ले २०९ सिट जितेको छ भने जमात-ए-इस्लामीले ६८ सिटमा विजय हासिल गरेको छ । जमात-ए-इस्लामीको बढ्दो प्रभावप्रति छिमेकी भारत भने सशंकित देखिन्छ । विशेषगरी शेख हसिनाको प्रत्यर्पणको माग र भारत विरोधी आवाजलाई कसरी नियन्त्रण गरिन्छ भन्ने विषयमा सबैको ध्यान केन्द्रित छ ।

जमात-ए-इस्लामी र उसका सहयोगीहरूले जितेका धेरै सिट भारतको पश्चिम बंगाल र असमसँग जोडिएका सीमावर्ती क्षेत्रहरूमा केन्द्रित छन् । जलपाईगुडी, माल्दह, मुर्शिदाबाद, नदिया, उत्तर २४ परगना तथा असमको सिलचर आसपासका क्षेत्रमा उनीहरूको प्रभाव उल्लेखनीय रहेको बताइन्छ । तीमध्ये कतिपय सीमा क्षेत्र अझै तारबारले पूर्ण रूपमा सुरक्षित छैनन् र अवैध मानव तस्करी तथा अन्य तस्करी गतिविधिका लागि प्रयोग हुँदै आएको सुरक्षा विज्ञहरूको भनाइ छ । चुनावी परिणामपछि ती क्षेत्र भारतका सीमा सुरक्षा बल र गुप्तचर निकायका लागि थप चुनौतीपूर्ण बन्न सक्ने भन्दै उच्च सतर्कता अपनाइएको समाचारहरू सार्वजनिक भएका छन् ।

ढाकाका राजनीतिक विश्लेषकहरूका अनुसार ग्रामीण क्षेत्रमा जमात-ए-इस्लामीको विजयको प्रमुख कारण विभाजनपछि भारतबाट आएका मुस्लिम समुदाय हुन्, जसका वंशजहरू लामो समयदेखि यस पार्टीका परम्परागत मतदाता रहँदै आएका छन् । ती समुदायको जनसंख्या तीव्र रूपमा बढिरहेको बताइन्छ । उता भारतका असम र पश्चिम बंगालमा पनि चाँडै चुनाव हुँदै छ । त्यहाँ साम्प्रदायिक ध्रुवीकरण बढाउने प्रयास भइरहेको आरोप लागिरहेको छ, जसका कारण सीमावर्ती क्षेत्रमा थप अशान्ति फैलिन सक्ने सम्भावना देखिन्छ ।

यथार्थमा, बंगलादेशको पछिल्लो चुनावी परिणामले आम शोषित र पीडित जनताको जीवनमा तत्काल कुनै ठूलो परिवर्तन ल्याउने संकेत देखिँदैन । उनीहरूका आधारभूत समस्या समाधानका लागि अझै संघर्षको बाटो नै अवलम्बन गर्नुपर्ने वस्तुगत विश्लेषकहरूको निष्कर्ष छ । सत्ताको नेतृत्वमा परिवर्टन भएपनि प्रश्न कायमै छ- बंगलादेश साँच्चिकै परिवर्तनको यात्रामा अघि बढ्दै छ कि उही पुरानै अस्थिरताको घुम्तीमा फेरि अल्झिँदै छ ? यो प्रश्न बंगलादेशबाहिर नभई भित्र कायमै छ ।

## इतिहासमा आज

२० फेब्रुअरी २००५ मा युरोपेली संघको प्रस्तावित संविधानको अनुमोदनको लागि जनमत संग्रहमा मतदान गर्ने स्पेन पहिलो देश बन्यो, यसलाई पर्याप्त अन्तरले पारित गरिएको थियो ।



२० फेब्रुअरी २०१० मा पोर्चुगलको मडेइरा टापुमा, भारी वर्षासँगै आएको बाढीले ठूलो विनाश निम्त्यायो । जसमा ४३ जनाको मृत्यु भयो भने अर्बौं क्षति बनायो ।



२० फेब्रुअरी २०१४ मा युक्रेनको राजधानी कीभमा सरकार विरोधी प्रदर्शनका क्रममा दर्जनौं प्रदर्शनकारीको ज्यान गयो । जसको मृत्युको घुसपैठिया थिए ।



२० फेब्रुअरी २०१५ मा स्विस शहर रफ्जमा दुई रेलहरू ठोक्किएर ४९ जना घाइते भए भएका थिए । जसले स्विस संघीय रेलवेको सेवाहरू केही दिन ठप्प बनेको थियो ।



# लोकतन्त्रको मूल्य

विचार



● शम्भू पनेरू

> *यदि गलत पृष्ठभूमि बोकेका व्यक्तिहरू निर्वाचित हुन्छन् भने संसदभित्र उनीहरूको भूमिका केवल मतगणनाको अंकमा सीमित हुँदैन । उनीहरूले दिने सन्देश, उनीहरूले अपनाउने भाषा र संस्थागत प्रक्रियाप्रति देखाउने सम्मानले भविष्यको राजनीतिक संस्कार निर्धारण गर्छ ।*

लोकतन्त्र केवल निर्वाचनको प्रक्रिया होइन; त्यो विश्वास, उत्तरदायित्व र संस्थागत मर्यादाको निरन्तर अभ्यास हो । जब सार्वजनिक संरचनामाथि आक्रमण, संसद जस्तो सर्वोच्च विधायिकामाथि हिंसात्मक अवज्ञा वा विधिको शासनविरुद्ध उभिने व्यक्तिहरू चुनावी मैदानमा उत्रिन्छन्, तब प्रश्न केवल कानुनी योग्यता वा अयोग्यताको मात्र रहँदैन । प्रश्न उठ्छ- लोकतन्त्रका आधारभूत मूल्यप्रति उनीहरूको प्रतिबद्धता कति प्रामाणिक छ ? नागरिकले मत हाल्ने बेलामा उम्मेदवारको घोषणापत्र मात्रै होइन, उनको राजनीतिक आचरण, अतीतको भूमिकाको आत्ममूल्यांकन, र संस्थाप्रतिको सम्मानलाई पनि तौलनु अनिवार्य हुन्छ ।

संसद् असहमति र द्वन्द्वलाई विधिसम्मत रूपमा समाधान गर्ने थलो हो । इतिहासले देखाएको छ कि जब राजनीतिक असन्तोषलाई विधि बाहिरिबाट व्यक्त गरिन्छ, तब क्षणिक उत्साहले दीर्घकालीन संस्थागत क्षति निम्त्याउँछ । सन् २०२१ मा अमेरिकाको सांसदमा भएको आक्रमणले विश्वलाई स्मरण गरायो कि लोकतान्त्रिक संस्थाहरू कति संवेदनशील हुन्छन् । कानुनी प्रक्रिया, अनुसन्धान र अभियोजन आफ्नै ठाउँमा भए पनि, त्यो घटनाले लोकतन्त्रको नैतिक आधारमाथि गहिरो चोट पुऱ्यायो । त्यस्तै, दक्षिण एसियाली सन्दर्भमा २००१ मा भारतको संसदमा भएको आक्रमणले राष्ट्रिय सुरक्षासँगै राजनीतिक संस्थाको गरिमालाई चुनौती दियो । यी उदाहरणहरू देखाउँछन् कि संसदजस्तो संस्था केवल भवन होइन; त्यो राष्ट्रको सामूहिक विश्वासको प्रतीक हो ।

लोकतन्त्रको सौन्दर्य यही हो कि यसले परिवर्तनको ढोका बन्द गर्दैन । अतीतमा गल्ती गरेका व्यक्तिहरूले पनि आत्ममूल्यांकन र रूपान्तरणमार्फत नयाँ यात्रा सुरु गर्न सक्छन् । तर यस्तो रूपान्तरण केवल भाषण वा चुनावी नाराले प्रमाणित हुँदैन । सार्वजनिक रूपमा गल्ती स्वीकार गर्ने साहस, पीडित र संस्थाप्रति क्षमायाचनाको स्पष्टता र भविष्यमा विधिसम्मत राजनीतिक आचरणको विश्वसनीय आश्वासन- यी तत्वहरूले मात्र नैतिक वैधता निर्माण गर्छन् । कानुनी रूपमा उम्मेदवार बन्न पाउनु एउटा कुरा हो; तर नैतिक रूपमा प्रतिनिधित्वको योग्य ठहरिनु अर्कै कुरा हो । लोकतन्त्रमा 'कानुनी वैधता' र 'नैतिक वैधता' फरक-फरक तर परस्पर पूरक आधार हुन् ।

यदि गलत पृष्ठभूमि बोकेका व्यक्तिहरू निर्वाचित हुन्छन् भने संसदभित्र उनीहरूको भूमिका केवल मतगणनाको अंकमा सीमित हुँदैन । उनीहरूले दिने सन्देश, उनीहरूले अपनाउने भाषा र संस्थागत प्रक्रियाप्रति देखाउने सम्मानले भविष्यको राजनीतिक संस्कार निर्धारण गर्छ । यदि अतीतप्रति कुनै आत्मालोचना छैन, यदि विधिको शासनलाई कमजोर पार्ने प्रवृत्ति दोहोरिन्छ भने त्यसले संस्थामाथि जनविश्वास घटाउँछ । जनविश्वास घट्नु भनेको लोकतन्त्रको जरा सुक्नु हो । र, जब जरा सुक्छ, लोकतन्त्र बाहिरबाट होइन, भित्रबाट कमजोर हुन्छ ।

मतदाता यस प्रक्रियाका केन्द्रीय पात्र हुन् । लोकतन्त्रमा नागरिक केवल दर्शक होइनन्; उनीहरू नै निर्णायक हुन् । त्यसैले मतदाताले उम्मेदवारको भाषणभन्दा व्यवहार, वाचाभन्दा विगत र भीडको जोशभन्दा संस्थागत मर्यादालाई प्राथमिकता दिनुपर्छ । सामाजिक सञ्जालको उत्तेजना, भावनात्मक ध्रुवीकरण र अल्पकालीन लाभका नाराहरूले दीर्घकालीन स्थिरता सुनिश्चित गर्दैनन् । विवेकपूर्ण मतदान भनेको आफ्नो मतलाई क्षणिक क्रोध वा आकर्षणबाट टाढा राखेर संस्थाको भविष्यतर्फ उन्मुख गर्नु हो । प्रतिनिधित्वको अधिकारसँगै संस्थाप्रतिको सम्मान र जिम्मेवारीलाई अनिवार्य सर्त बनाउने संस्कार विकास नगरेसम्म लोकतन्त्र परिपक्व हुँदैन ।

राजनीतिक दलहरूको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ । दलहरूले उम्मेदवार छनोट गर्दा जित्ने सम्भावनालाई मात्र मापन गर्ने प्रवृत्ति त्याग्नुपर्छ । उम्मेदवारको सार्वजनिक छवि, नैतिक साख र विधिसम्मत प्रक्रियाप्रतिको प्रतिबद्धता दलको मूल्यसँग मेल खानुपर्छ । अन्यथा, दल स्वयंले संस्थागत अवमूल्यनलाई प्रश्रय दिएको सन्देश जान्छ । लोकतन्त्रलाई बलियो बनाउने जिम्मा केवल मतदातामा थोपर्न मिल्दैन; दल, नागरिक समाज, सञ्चारमाध्यम र न्यायिक निकाय सबैले आ-आफ्नो भूमिका निर्वाह गर्नुपर्छ ।

प्रश्न व्यक्तिको विजय वा पराजयको होइन; प्रश्न संस्थाको गरिमाको हो । संसदको प्रतिष्ठा कुनै एक दल, एक नेताको वा एक कार्यकालको सीमामा बाँधिएको हुँदैन । त्यो राष्ट्रको दीर्घकालीन स्थिरता र सामूहिक आकांक्षासँग जोडिएको हुन्छ । यदि हामीले संस्थाभन्दा व्यक्तिलाई माथि राख्यौं भने अल्पकालीन राजनीतिक लाभले दीर्घकालीन अस्थिरता निम्त्याउन सक्छ । तर यदि संस्थागत मर्यादालाई प्राथमिकता दियौं भने असहमति र द्वन्द्व पनि लोकतान्त्रिक अभ्यासकै हिस्सा बन्छन् ।

लोकतन्त्रको परीक्षा चुनावका दिन मात्र हुँदैन; त्यो हरेक निर्णयमा, हरेक उम्मेदवारको छनोटमा र हरेक मतको प्रयोगमा निरन्तर दोहोरिन्छ । गलत छायाबाट बाहिर निस्केर विधि, संवाद र सहमतिमा आधारित राजनीति निर्माण गर्नु हाम्रो सामूहिक दायित्व हो । संसदको गरिमा जोगाउनु कुनै आदर्शवादी नारा मात्र होइन; त्यो राष्ट्रको स्थायित्वको आधार हो । विवेक, उत्तरदायित्व र नैतिक स्पष्टतासहित गरिएको निर्णयले मात्र लोकतन्त्रलाई बलियो बनाउँछ । अन्यथा, हामी स्वयंले आफ्नै संस्थामाथि अविश्वासको बीउ रोप्नेछौं, जसको फल दीर्घकालीन अस्थिरता र आन्तरिक द्वन्द्वका रूपमा भोग्नुपर्नेछ ।

## सामाजिक सञ्जाल



**निर्मल प्रसाईं**

टिकट वितरण गर्दा पार्टीमा योगदान, क्षमता र योग्यताभन्दा पनि आर्थिक विषय प्राथमिकतामा परेको रास्वपा छाडेकी ममता शर्माको आरोप छ । आर्थिक अपचलन, आर्थिक अनियमित, आर्थिक दुरुपयोग, गरेको पार्टीबाट सुशासन र समृद्धिको कल्पना गर्न गाह्रो हुन्छ । यदि शर्माले लगाएको आरोप बेठिक हो भने रास्वपाले खारेज गर्नुपर्छ ।



**मोहना अन्सारी**

मैले धेरै अघि भनेको थिएँ, हाम्रो समाजमा उदारताको ठूलो खडेरी छ । पटक-पटक मधेशी मूलका व्यक्तिहरूको नागरिकतालाई लिएर विवाद झिकिन्छ । कुनै व्यक्तिले नागरिकता लिँदा विधि र प्रक्रिया पूरा गरेर नै लिएको हुन्छ । तर पनि उसको नागरिकतालाई लिएर उसको पहिचान र राष्ट्रियतामाथि प्रश्न उठाइन्छ । कति संकीर्ण सोच । बालेन्द्र साह लेखुन् वा शाह त्यो व्यक्तिको व्यक्तिगत छनौट हो ।



**बबिता बस्नेत**

कम्युनिस्टहरूलाई 'जात' को वास्ता नहुनु पर्ने हो तर बालेन शाहको पातलो 'स' र मोटो 'श'लाई लिएर सबैभन्दा बढी चिन्ता आफूलाई कम्युनिस्ट भन्नेहरूले नै गरेको देखिन्छ । अहिले पनि हामी थर, जातमा अल्झिरहेका छौं, कति नरमाइलो कुरा ! नेपालको निर्वाचन आचारसंहिता अनुसार मतदान अघि नै कसले जित्छ-हार्छ भनेर घोषणा गर्ने, नतिजा प्रभावित पार्ने खालको रिपोर्टिङ/प्रसारण गर्न पाइँदैन ।



**नरेन्द्र विक्रम चन्द**

फागुन २१ गते हुने निर्वाचन धर्म निरपेक्षतावादी (कौरव) र धर्मराज (पाण्डव) बिचको हो । नयाँ-पुराना सबै कौरव जस्ता देखिए । देश लुट्न, देशभित्र प्रदेश, राष्ट्रियसभा अनावश्यक संवैधानिक आयोग अनावश्यक देशमा दूतावास जिल्ला समन्वय २७५ सासंद ७५३ स्थानीय तह उप पद सिर्जना गरे ।

# अलपत्र महेशपुर–परासी–सुनवल सडक

**बिनोद निगम/मध्यान्ह**
नवलपरासी, ७ फागुन

पश्चिम नवलपरासीको सीमावर्ती नाका महेशपुरबाट सदरमुकाम परासी हुँदै सुनवल जोड्ने महत्वपूर्ण सडक स्तरोन्नति आयोजना कागजमा तीव्र गतिमा अघि बढेको देखिए पनि मैदानमा भने अझै अधुरै छ। सूचना बोर्डमा २०८१ असोज २६ भित्रै निर्माण सम्पन्न गर्ने स्पष्ट प्रतिबद्धता जनाइए पनि निर्धारित समयसीमा सकिएको महिनौं बितिसक्दा समेत काम ४० प्रतिशत नपुगेपछि स्थानीयवासी आक्रोशित बनेका छन्।

सडक डिभिजन कार्यालय बुटवलले २१ करोड ११ लाख ३८ हजार ६ सय ६६ रुपैयाँ ७२ पैसा (भ्याटसहित) लागतमा उक्त सडक स्तरोन्नतिको ठेक्का दिएको थियो। ठेक्का पाएको गौरीशंकर हिमालयन कन्स्ट्रक्सन प्रालि ले २०८० वैशाख २६ गते सम्झौता गरी २०८१ असोज २६ भित्रै काम सम्पन्न गर्ने लिखित प्रतिबद्धता जनाएको थियो।

तर सम्झौताअनुसार काम अघि नबढेपछि पहिलोपटक म्याद थपियो। त्यसपछि २०८२ असार मसान्तसम्म दोस्रोपटक र हाल २०८२ मंसिरसम्म तेस्रोपटक म्याद थप गरिएको छ। पटक-पटक म्याद थपिँदा पनि निर्माणको गति भने अपेक्षित रूपमा बढ्न नसकेको स्थानीयको गुनासो छ।

निर्माण पक्षले भने प्राविधिक समस्या, मौसम, सामग्री आपूर्तिमा ढिलाइलगायत कारणले काम प्रभावित भएको बताउँदै आएको छ। तर स्थानीयवासी भने यसलाई लापरबाही र कमजोर अनुगमनको



परिणाम ठान्छन्।

स्थानीयका अनुसार सडकका दुवैतर्फ गिट्टी खसालिएको अवस्था महिनौंदेखि उस्तै छ। सुक्खा मौसममा अत्यधिक धुलो उड्ने र वर्षायाममा हिलो जम्ने समस्याले दैनिक आवतजावत कष्टकर बनेको छ।

धुलोका कारण श्वासप्रश्वाससम्बन्धी समस्या बढेको, बालबालिका र वृद्धवृद्धा बढी प्रभावित भएको तथा मोटरसाइकल चिप्लिएर साना दुर्घटना हुने गरेको स्थानीयले बताएका छन्।

धुलो नियन्त्रणका लागि कहिलेकाहीं पानी छिर्किने गरिएको भए पनि सवारी साधनको अत्यधिक चापका कारण केही समयमै पुनः धुलो उड्ने अवस्था रहने गरेको छ।

सडक विस्तारको नाममा दर्जनौं पसल र संरचना हटाइएका छन्। कतिपय घरधनीले मुआब्जा प्रक्रियाको प्रतीक्षामा आफ्ना घर भत्काए भने केहीले सडक फराकिलो भएपछि व्यापार बढ्ने अपेक्षामा संरचना हटाए। तर निर्माण कार्य अलपत्र परेपछि उनीहरू दोहोरो मारमा परेका छन्। 'घर भत्कियो, व्यापार गुम्यो, तर सडक बनेन,' एक स्थानीय व्यापारीले आक्रोश पोखे।

व्यापार घट्दा दैनिक आयसमेत घटेको र वैकल्पिक व्यवसाय सुरु गर्ने अवस्था नरहेको उनीहरूको भनाइ छ। महेशपुर-हरपुर खण्डको करिब १.५ किलोमिटर सडक दुई वर्ष बितिसक्दा पनि पूरा नभएपछि स्थानीय युवाहरू आन्दोलनमा उत्रिएका थिए। सोमबार उनीहरूले दुई घण्टा सडक अवरुद्ध गर्दै निर्माण कम्पनी र सरोकारवाला निकायलाई काम तीव्र बनाउन चेतावनी दिएका थिए।

आन्दोलनरत युवाहरूले निर्माणको स्पष्ट कार्यतालिका सार्वजनिक गर्न, नियमित प्रगति विवरण सार्वजनिक गर्न र ढिलाइका कारणबारे जवाफदेहिता सुनिश्चित गर्न माग गरेका छन्। महेशपुर नाकाबाट सदरमुकाम परासी हुँदै पूर्व-पश्चिम राजमार्ग जोड्ने यो सडक सीमावर्ती व्यापार, यात्रु आवतजावत र स्थानीय अर्थतन्त्रका लागि अत्यन्त महत्वपूर्ण मानिन्छ। दैनिक सयौं सवारी साधन र मालवाहक ट्रक आवतजावत गर्ने यस सडकको स्तरोन्नति नहुँदा भन्सार राजस्व संकलन, ढुवानी लागत र स्थानीय बजारसमेत प्रभावित हुने सरोकारवालाको भनाइ छ। पहिलो खण्डमै ढिलाइ हुँदा सम्पूर्ण परियोजना सम्पन्न हुन अझै वर्षौं लाग्ने चिन्ता व्यक्त गरिएको छ।

सूचना बोर्डमा उल्लेखित मिति र वास्तविक अवस्थाबीचको ठूलो अन्तरले सरकारी अनुगमन संयन्त्र र ठेकेदारको कार्यशैलीमाथि गम्भीर प्रश्न उठाएको छ।

स्थानीयवासीले नियमित अनुगमन, प्राविधिक मूल्यांकन कार्यदक्षताका आधारमा ठेकेदारलाई कडाइ गर्न माग गरेका छन्। समयमै काम सम्पन्न नगर्ने प्रवृत्तिमा नियन्त्रण नगरे यस्ता महत्वपूर्ण आयोजना वर्षौंसम्म अलपत्र पर्ने जोखिम बढ्ने उनीहरूको आशंका छ।

सडक विकासको सपना बोकेर सुरु गरिएको आयोजना अहिले स्थानीयका लागि असहजता र आक्रोशको कारण बनेको छ। अब सम्बन्धित निकायले कागजी प्रतिबद्धता मात्र होइन, व्यवहारमा परिणाम देखाउने अपेक्षा स्थानीयको छ।

## अर्घाखाँचीमा निर्वाचन तयारी तीव्र

# मतदान केन्द्र अनुगमनदेखि सुरक्षा व्यवस्थासम्म कडाइ

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ७ फागुन

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउने उद्देश्यसहित अर्घाखाँचीमा निर्वाचन तयारी तीव्र पारिएको छ। मुख्य निर्वाचन कार्यालय अर्घाखाँची र जिल्ला सुरक्षा समन्वय समितिको संयुक्त टोलीले जिल्लाका विभिन्न मतदान केन्द्रहरूको स्थलगत अनुगमन गर्दै सुरक्षा तथा व्यवस्थापन पक्षबारे विस्तृत समीक्षा गरेको छ।



जिल्ला प्रशासन कार्यालयका अनुसार मतदान केन्द्रहरूको भौतिक अवस्था, पहुँच मार्ग, सुरक्षा संवेदनशीलता तथा आवश्यक जनशक्ति व्यवस्थापनको अवस्थाबारे प्रत्यक्ष अवलोकन गरिएको छ। प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले अनुगमनका क्रममा सम्भावित जोखिम क्षेत्र पहिचान गरी त्यसअनुसार सुरक्षा रणनीति परिमार्जन गरिएको जानकारी दिए।

मुख्य निर्वाचन अधिकृत शिवलाल पाण्डेको नेतृत्वमा हरिहर मावि पोखराथोक, सिद्धार्थ माध्यमिक विद्यालय पोखराथोक-२ सिम्ले र दुर्वासेश्वर मावि दुर्गाफाँटलगायत मतदान केन्द्रहरूको अनुगमन गरिएको हो। अनुगमन टोलीमा सहायक प्रमुख जिल्ला अधिकारी झविलाल भट्टराई, सुरक्षा निकायका प्रमुख तथा सम्बन्धित कर्मचारी सहभागी थिए।

मुख्य निर्वाचन अधिकृत पाण्डेले भने, 'निर्वाचनलाई पूर्ण रूपमा निष्पक्ष र शान्तिपूर्ण बनाउन प्रत्येक मतदान केन्द्रको भौतिक अवस्था र सुरक्षा संवेदनशीलताको सूक्ष्म अध्ययन गरिरहेका छौं। आवश्यक जनशक्ति, सामग्री र समन्वयलाई प्राथमिकतामा राखिएको छ।'

अनुगमनका क्रममा मतदान केन्द्र वरपरको सुरक्षा अवस्था, भीड व्यवस्थापन, सञ्चार सुविधा, आकस्मिक उद्धार योजना तथा मतदान सामग्री सुरक्षित भण्डारणको अवस्थाबारे समेत समीक्षा गरिएको जिल्ला प्रहरी प्रमुख दिवसबहादुर जिसीले बताए। उनका अनुसार निर्वाचनको दिन कुनै अवरोध नआओस् भन्ने उद्देश्यले एकीकृत सुरक्षा योजना कार्यान्वयनमा ल्याइएको छ।

आचारसंहिता अनुगमन समितिका संयोजकसमेत रहेका सहायक प्रमुख जिल्ला अधिकारी भट्टराईले निर्वाचन आचारसंहिता कार्यान्वयनमा कडाइ गरिएको जानकारी दिए। 'सरकारी कर्मचारी तथा जनप्रतिनिधिबाट आचारसंहिता उल्लंघन हुन नदिन निगरानी बढाइएको छ। सुरक्षा संवेदनशीलता मूल्यांकन गर्दै आवश्यक रणनीति तय गरिएको छ,' उनले भने।

जिल्ला समन्वय समितिका प्रमुख जीवनारायण कोइरालाले निर्वाचन सफल बनाउन सबै निकायबीच प्रभावकारी समन्वय अपरिहार्य रहेको बताए। सुरक्षाकर्मीहरूका लागि आवश्यक सामग्री, आवास र यातायात व्यवस्थापनमा कुनै कमी हुन नदिन स्थानीय तहलाई निर्देशन दिइएको उनले उल्लेख गरे।

'निर्वाचन लोकतन्त्रको महत्वपूर्ण अभ्यास हो। यसलाई शान्तिपूर्ण र भयरहित बनाउन सबै निकायले हातेमालो गर्नु जरुरी छ,' उनले भने।

जिल्ला प्रशासन कार्यालयका अनुसार निर्वाचन लक्षित सुरक्षा योजनाअन्तर्गत नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा निर्वाचन प्रहरी जिल्लाभर परिचालन भइसकेका छन्। संवेदनशील र अति संवेदनशील केन्द्रहरूमा अतिरिक्त सुरक्षा प्रबन्ध मिलाइएको जनाइएको छ।

जिल्ला निर्वाचन कार्यालय अर्घाखाँचीका प्रमुख बुद्धप्रकाश पौडेलका अनुसार कर्मचारी व्यवस्थापन, मतदान सामग्री ढुवानी, केन्द्रगत समन्वय तथा तालिम कार्यक्रमलाई तीव्रता दिइएको छ। मतदान अधिकृत तथा सहायक कर्मचारीलाई आवश्यक अभिमुखीकरण कार्यक्रम सञ्चालन भइरहेको उनले बताए।

निर्वाचनको मिति नजिकिँदै जाँदा अर्घाखाँचीमा चुनावी गतिविधि बढ्दै गएको छ। राजनीतिक दलका प्रचार-प्रसार कार्यक्रमसँगै प्रशासनिक तयारी पनि सघन बन्दै गएको देखिन्छ। प्रशासन, सुरक्षा निकाय र स्थानीय तहबीचको सहकार्यले निर्वाचनलाई व्यवस्थित, सुरक्षित र विश्वसनीय रूपमा सम्पन्न गर्ने अपेक्षा जिल्लावासीले गरेका छन्।

# अभिव्यक्ति स्वतन्त्रतामाथि लगाइएको अंकुशले राज्यपक्षबाटै मानव अधिकार उल्लंघन

**दीपकप्रसाद घिमिरे/मध्यान्ह**
ललितपुर, ७ फागुन

विगत ३ दशकदेखि लगातार सार्वजनिक हुँदै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक २०२६ फागुन ७ गते सार्वजनिक गरिएको छ। यो पुस्तक नेपालमा मानव अधिकारको विश्वसनीय एउटा स्रोतको रुपमा स्थापित छ।

इन्सेकद्वारा सार्वजनिक पुस्तमा राज्यपक्षबाटै मानव अधिकार उल्लंघन हुने गरेको उल्लेख छ। सन् २०२५ मा गैरकानूनी गिरफ्तारी, हिरासतमा दुर्व्यवहार, थुनामा मृत्यु तथा अभिव्यक्ति स्वतन्त्रतामाथि लगाइएको अंकुशले राज्यपक्षबाटै मानव अधिकार उल्लङ्घन भएको इन्सेकको जिकिर छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले प्रकाशित गरेको नेपाल मानव अधिकार वर्ष पुस्तक २०२६ राष्ट्रिय मानव अधिकार आयोगका पूर्व सदस्य तथा मानव अधिकार शताब्दी व्यक्तित्व डाक्टर गौरीशंकरलाल दासले ०८२ फागुन ७ गते बिहिबार विमोचन गरे।

शताब्दी व्यक्तित्व डाक्टर दासले नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकार दर्पण र ऐनाका रूपमा रहेको उल्लेख गर्दै मानव अधिकारको संरक्षण केवल कानुनी दायित्व नभइ नैतिक दायित्व पनि भएको बताए।

उनले नेपालमा राजनीतिक अस्थिरताका कारण नागरिक जीवनको सुरक्षा, न्यायमा पहुँच, समान अवसर लोकतन्त्रको आत्मा भएको उल्लेख गर्दै १० वर्षे सशस्त्र द्वन्द्वको समयमा तत्कालीन माओवादीबाट दादुरा खोप अभियानमा भएको अवरोध, भुटानी शरणार्थी समस्यालगायतका विषयको स्मरण गर्दै मानव अधिकारको सम्मान, विधिको शासनको सुदृढीकरण, दण्डहीनताको अन्त्य र संस्थागत सुधारको दिशामा सामूहिक प्रतिबद्धताले मात्र समतामूलक, न्यायपूर्ण र लोकतान्त्रिक नेपाल निर्माण सम्भव हुनेमा जोड दिए।

राष्ट्रिय मानव अधिकार आयोगका पूर्व सदस्य एवम् इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेलले नेपाल मानव अधिकार वर्ष पुस्तकको परिकल्पनाकार इन्सेकका तत्कालीन महासचिव प्रकाशराज काफ्ले रहेको स्मरण गर्दै नेपालमा २००७ सालको परिवर्तनबाट एकातिर क्रान्तिको सफलता भयो भने अर्कोतिर प्रतिक्रान्ति गर्नेहरूको खेलबाट २०१७ सालमा प्रजातन्त्र खोसिएको उदाहरणबाट नेपालमा क्रान्ति र प्रतिक्रान्तिका कारण राजनीतिक स्थिरताको विकास नभएको चर्चा गरे। इन्सेकका संस्थापक अध्यक्ष प्याकुरेलले संसारमा प्रविधिको विकासले मानव अधिकारको अवस्थामा चुनौती थपिएको उल्लेख गर्दै नेपाल मानव अधिकार वर्ष पुस्तकमा व्यवस्थित रूपमा अभिलेखिकरण र विश्लेषण गरिएको विगत तीन दशकभन्दा बढी समयदेखि निरन्तर प्रकाशित हुँदै आएको दस्तावेज नेपालमा मानव अधिकार अवस्थाको विश्वसनीय स्रोतका रूपमा स्थापित भएको बताए।

पूर्व राजदूत एवम् राजनीतिक विश्लेषक डाक्टर शम्भुराम सिम्खडाले आफू राजदूत भएर जेनेभा जाँदा नेपालको सुदूर पश्चिममा भएका मानव अधिकार हनन् र ज्यादतीका घटनाबारे राज्यका तर्फबाट पुष्टि गर्न जवाफ माग्दा हप्तौं लाग्ने गरेको तर त्यस्ता घटना बारे इन्सेकले २४ घण्टा नपुग्दै सत्य, तथ्य र निष्पक्ष ढंगले सुसूचित गर्ने अवस्थालाई पनि



अन्तर्राष्ट्रिय जगतले मूल्याङ्कन गर्दै आएको पाइएको बताए।

उनले नेपाल मानव अधिकार वर्ष पुस्तकमा राज्यको दायित्व र जवाफदेहितालाई केन्द्रित गर्दै आएको स्मरण गर्दै नेपालमा २००७ सालमा जहानिया शासनबाट जनताले शासन गर्ने व्यवस्था आएको फागुन ७ गते मानव अधिकार वर्षपुस्तक सार्वजनिक हुनु महत्वपूर्ण भएको धारणा राखे। नेपालमा संविधान र कानूनमा प्रतिबद्धता जनाइएको मानव अधिकार राज्यको कमजोर क्षमताका कारण नागरिकले प्राप्त गर्न नसकेको उल्लेख गर्दै मानिसको सोच ढुंगे युगिन प्रविधि अत्याधुनिक र कानुन मध्य युगिन भएकोले आम मानिसलाई के गर्न हुने के गर्न नहुने भन्ने सचेतनाको खाँचो औंल्याए।

इन्सेकका निर्वतमान अध्यक्ष एवम् त्रिविका सहप्राध्यापक डाक्टर कुन्दन अर्यालले नेपालको मानव अधिकारको अवस्था स्तब्ध अवस्थामा आएको बताए। महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जालका अध्यक्ष श्यामकुमारी साहले नेपालको मानव अधिकार स्थिति २०८२ भदौ २३ र २४ गते भएको घटनामा प्रहरीले गरेको व्यवहारका साथै नेपालमा महिला माथि भएका यौन हिंसाका घटना बढेकोले राज्यको ध्यानाकर्षण गराए। उनल नेपालको सामाजिक रुपान्तरणका लागि महिलाहरुको योगदानका साथै निर्णायक नेतृत्वमा महिलालाई पछि पार्नुका साथै महिलाले जन्मदेखि दाइजो नल्याएको नाममा हुने गरेका हिंसा न्यूनीकरणका लागि मानव अधिकार रक्षकहरु एकजुट हुनु पर्ने खाँचो औंल्याए।

कार्यक्रममा इन्सेकका अध्यक्ष विजयराज गौतमले यस वर्ष मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटनामा ११ हजार ५ सय ३८ जना पीडित भएको जानकारी दिए। उनले गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १० हजार ७ सय ३४ पीडित भएको उल्लेख गर्दै यो सङ्ख्या गत वर्ष भन्दा ८ सय ४ जनाले बढी भएको स्मरण गराए। यो वर्ष प्रहरीले प्रहार गरेको गोली लागेर ५६ जनाको मृत्यु भयो। प्रहरी हिरासतमा चार जनाको मृत्यु भएको उल्लेख गर्दै हिरासतमा भएका मृत्युका कतिपय घटनालाई आत्महत्या भनिएको बताए।

अध्यक्ष गौतमले प्रहरीको २४ घण्टा निगरानीमा रहने हिरासत कक्षमा हुने यस्ता घटनाको जबाफदेहिताको खोजी कसैबाट नभएको स्मरण गर्दै कारागारमा क्षमता भन्दा बढी कैदी बन्दी राखिने र त्यसका कारण सिर्जित समस्या समाधानका लागि सरकारी पहल भएको नपाइएको चर्चा गरे। नेपाल मानव अधिकार वर्ष पुस्तकमा देश भरका कारागारको क्षमता १६ हजार ९ सय ५६ जनाको रहेकोमा हाल २५ हजार ९२ कैदीबन्दी रहेको जनाइएको छ। गत भदौ २४ गतेको नवयुवाको प्रदर्शनका क्रममा कारागार तोडफोड गरी भागेका १४ हजार कैदीबन्दीमध्ये ३ हजार ८ सय ३ जना अझै फरार रहेको स्मरण गर्दै कारागार सुधारका प्रतिवेदन दराजमा थन्किँदा खुला कारागारको अवधारणाले मूर्त रूप पाउन नसकेको उल्लेख छ।

कार्यक्रममा इन्सेकका निर्देशक मदन पौडेलले नेपालको मानव अधिकार अवस्था सुधार होस् भन्ने अपेक्षा गर्दा गर्दै राज्य मानव अधिकार उल्लंघन गर्ने प्रमुख कारक बनेको बताए।

# सर्लाहीमा गोली लागेर बालक घाइते

**सर्लाही/मस-** सर्लाहीको सदरमुकाम मलंगवामा बिहीबार गोली लागेर एक बालक घाइते भएका छन्। मलंगवा नगरपालिका-४ निवासी रामविश्वास रामका १५ वर्षीय छोरा आकाश राम गोली लागेर घाइते भएका हुन्।

मल)गवा-४ स्थित 'ढाकाबोर्डर' भन्ने स्थानमा फेला परेको बेवारिसे पेस्तोल खेलाउने क्रममा बालकलाई गोली लागेको हो। उक्त घटनामा बालकको दाहिने हातको पञ्जामा गोली लागेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिए।

ढाकाबोर्डरस्थित निर्माणाधीन हनुमान मन्दिरभित्र कुनामा रातो कपडाले बेरिएको वस्तु खोली हेर्दा



पेस्तोल भेटिएको र सो पेस्तोल नक्कली होला भनी चलाउने क्रममा पड्किँदा बालक घाइते भएको प्रहरीले जनाएको छ। घाइते बालकको प्रादेशिक अस्पताल मलंगवामा उपचार भइरहेको र हाल खतरामुक्त रहेको प्रहरीले जनाएको छ। गत आइतबार फागुन ३ गते राति मलंगवामै अज्ञात व्यक्तिको गोली प्रहारबाट भौतिक पूर्वाधार विकास कार्यालय सर्लाहीमा कार्यरत सब-इञ्जिनियर प्रमोदकुमार यादवको हत्या भएको थियो। उक्त घटनामा प्रयोग भएको हतियार पनि हुनसक्ने आशंकामा प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ।

**VACANCY**
**ANNOUNCEMENT**
Looking For Smart, Energetic, Experienced
& Dynamic Candidates For Following Job Position.

HR Manager - 1 nos. (Male/Female)
Operation Manager -1 nos. (Male/Female)
Public Relation Officer (PRO) - 3 nos. (Male/Female)
Secretary - 1 nos. (Male/Female)
Reception - 2 nos. (Male/Female)
Ofice Helper - 1 nos. (Female)

SALARY NEGOTIABLE

Requirements :-
- ☑ Bachelor's degree with relevant skills.
- ☑ Fluency in English.
- ☑ Minium 2 to 3 Yrs Experience in Manpower Field.

**Yatra H.R. Solution Pvt. Ltd.**
Old Baneshwor-9, Kathmandu, Tel: 4114682, 4114683
E-mail: info@yatrahrsolution.com, Web.: www.yatrahrsolution.com
Gov. Lic No. 1096/073/074

**कर्मचारी हटाइएको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **Eminence Recruitment International Pvt Ltd** इजाजत पत्र न. **१५६९/०७९/०८०** मा निम्न कर्मचारी यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | नाम | नागरिकता नं. | पद |
|---|---|---|---|
| १ | सुशिला पौडेल | २१-०१-७२-०३७६३ | Receptionist |

EMINENCE
Recruitment International Pvt Ltd
Gov. Lic No.: 1569/079/080
Bhimsengola-31, Prayagmarg, Kathmandu
Tel: 4110036, 4110040, 9849964370, 9709139159, 9707377701, 9841461232
Email: info@eminencenepal.com. Web: ww.eminencenepal.com

**भूल सुधार गरिएको सूचना**

मिति २०८२/११/०५ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित यूएईमा रोजगार कम्पनीको नाम: **AYADI HUMAN CAPITAL SOLUTIONS L.L.C. - SOLE PROPRIETORSHIP L.L.C., पूर्व स्वीकृत मितिः २०८२/११/०१, चलानी नं.: ६०२५२५०५, र LT. No.:338996** को विज्ञापनमा कार्यालय सम्पर्क नम्बर **01- 4533603, 4533903** र **Mobile No: 9701018393, 9765826055, 9768793642, 9851405536, 9768524335, 9851030647, 9815288880, 9808008958** हुनुपर्ने र यस मेनपावर कार्यालयको काठमाडौं केन्द्रीय कार्यालय बाहेक अन्य कतै शाखा नभएको जानकारी गराउँदै भुलसुधार गरि यसै सूचना मार्फत जानकारी गराउँदछौं।

G.C. INTERNATIONAL GROUP PVT. LTD.
Sinamangal -09, Airport, Kathmandu, Nepal. Tel No: 01- 4533603, 4533903.
E-Mail: info@gcintcgroup.com, Website: www. gcintcgroup.com
Gov Lic No: 1772/081/082

**अजयमेरु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
भद्रपुर, डडेल्धुरा
सुदुरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**
**प्रकाशित मिति :२०८२/११/०८ गते**

यस कार्यालयबाट तपशिलका बोलपत्रहरूका लागि मिति २०८२/०९/२८ गते प्रकाशित सूचना अनुसार तोकिएको अवधि भित्र रितपूर्वक दरखास्त परेका बोलपत्रहरू खोल्न गठित मिति:२०८२/१०/२८ गतेको समितिले बोलपत्रदाता एंव आमन्त्रित पदाधिकारिहरूको रोहवरमा खोलि मूल्यांकन समितिमा पेश भई मूल्यांकन समितिले उक्त बोलपत्रहरूको न्यूनतम परिक्षण र आर्थिक मूल्यांकन गरि पेश गरेको प्रतिवेदनको आधारमा तपशिलमा उल्लेखित बोलपत्रहरूमा तपशिल बमोजिमका बोलपत्रदाताहरूको बोलपत्र स्विकृतिका लागि छनौट गर्ने निर्णय गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोछ छ।

**तपशिल :**

| सि. न. | बोलपत्र नं. | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | बोलपत्रको विवरण | कवोल अंक रु. (मु. अ. कर पि.एस. बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | ARM/NCB/W-10/2082/083 | Bhumiraj Jagdamba Construction Nawadurga, 05 Dadeldhura. | Anarkholi to Khateda Mangarau Bhulkuda Dewal Sadak & Deupujana to Karkatta tol Foot way Construction. | 27,21,973.99 | |
| 2 | ARM/NCB/W-12/2082/083 | Puja & Pawan Nirman Sewa Amargadhi 3, Dadeldhura. | Chetana Ma. Vi. Building Construction or Educational Infrastructure Development Works Ajayameru 6 | 37,54,994.01 | |
| 3 | ARM/NCB/W-09/2082/083 | Naulacoat Nirman sewa Ajayameru 3, Dadeldhura. | Construction of Rajul Badi Bajar Peace Park. | 13,74,409.69 | |

प्रमुख प्रशासकीय अधिकृत

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# ‘चमेलीको पोइ’को प्रदर्शन स्थगित



**काठमाडौं/मस–** एभरेस्ट सूर्य बोहराको निर्देशनमा बनेको फिल्म ‘चमेलीको पोइ’ अब पूर्वनिर्धारित मितिमा प्रदर्शन नहुने भएको छ । रामनवमी अर्थात् चैत १३ बाट प्रदर्शन गर्ने तयारीमा रहेको यो फिल्मलाई देशको वर्तमान राजनीतिक अवस्था र निर्वाचनको माहोललाई ध्यानमा राख्दै स्थगित गरिएको बिहीबार जारी प्रेस विज्ञप्तिमा जनाइएको छ । निर्माता रामनारायण उपाध्यायले जारी गरेको भिडियो सन्देशमा निर्देशक बोहराको टिमले अत्यन्तै मिहिनेतका साथ समयमै फिल्म निर्माण सम्पन्न गरेकोमा आभार व्यक्त गरिएको छ । साथै, फिल्म प्रदर्शनका लागि शान्तिपूर्ण वातावरणको पर्खाइमा रहेको उल्लेख गरिएको छ ।

फिल्म धनलक्ष्मी सिने मेकर्सको ब्यानरमा निर्माण भएको हो र यसका निर्मातामा सुनिता सापकोटा तथा रामनारायण उपाध्याय छन् । शिवम अधिकारीको पटकथा र शेरबहादुर तामाङको छायांकनमा तयार भएको फिल्मको कार्यकारी निर्मातामा उदयविक्रम राणा, रितु मल्ल ठकुरी र कपिल आचार्य रहेका छन् भने सह-निर्मातामा प्रदीपकुमार सापकोटा, यमप्रसाद ओली र सुदिप कुँवर छन् । फिल्मको वितरण आरआर फिल्मस्ले गर्नेछ ।

‘चमेलीको पोइ’ मा नारायण त्रिपाठी, सुरक्षा पन्त, मुकुन भुसाल, विल्सन विक्रम राई, रविन्द्र झा, प्रेम देव गिरी, रामनारायण उपाध्याय, गणेश गौतम, अंशु महर्जन, बबिन राई, खड्गबहादुर पुन, उमेश राई, रजनी गुरुङ, सुनिता सापकोटा, मीना आरएल शाही, रितु मल्ल ठकुरी लगायतको अभिनय रहेको छ । निर्देशक बोहराको कथामा आधारित यस फिल्मले नेपाली दर्शकलाई रोचक कथानक र उच्चस्तरीय प्रदर्शन दिने उद्देश्य राखेको थियो ।

चुनावी माहोलका कारण पछिल्ला दिनहरूमा धेरै फिल्मको प्रदर्शन स्थगित हुने क्रम बढेको छ । सुरक्षा पन्तको शीर्ष भूमिका रहेको ‘चमेलीको पोइ’ पनि यसै सूचीमा थपिएको छ ।


## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **ब्लू स्काई ईन्टरनेशनल प्रा.लि.** इजाजत पत्र न. २६६/०५८/०५९ मा कार्यरत कर्मचारी श्री राज कुमार फुँयाल गत मिति २०८०/०७/१२ देखि परिवारिक कारणले यस संस्थामा नरहेकोले निजले पाएको जिम्मेवारीबाट सेवा मुक्त गरिएको जानकारी सम्बन्धित सबैलाई यसै सूचना माफर्त अवगत गर्दै यो सूचना प्रकाशित गरिएको छ ।

**ब्लू स्काई ईन्टरनेशनल प्रा. लि.**
महाराजगंज, चुनदेवी, गैरीमार्ग, काठमाडौं (ब्राजिलियन राजदूतावासको पछाडी)
पो.ब.नं. १९३४६, फ्याक्स नं.: ४७२१८८८, फोन नं. ०१-४७२१६३३,
application@blueskyint.com.np मा सिधै Apply पनि गर्नसक्नु हुनेछ ।

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त **यस अल समिट म्यानपावर प्रा.लि. इजाजत पत्र न. ४९५/०६१/०६२** मा कार्यरत निम्न कर्मचारी यस कार्यालयमा नरहेको सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | नागरिकता नं. | पद | ठेगाना |
|---|---|---|---|---|
| १ | Cristal Timilsina | 271011/107014 | Documentation Officer | Gokarneshwar-2, Kathmandu |
| २ | Urmila Bohora | 2667-52548 | Office Girl | Kathmandu -16, Kathmandu |

**अल समिट म्यानपावर प्रा.लि.**
श्रम ईजाजत पत्र नं. ४९५/०६१/०६२
सामाखुसी, टाउनप्लानिङ, काठमाडौं, फोन नं.: ४३८२२२२, ४३८२४४४, ४३८६५४४, फ्याक्स: नं. ४३८१३६४
Website: www alsmmc com E mail: alsamitmanpower495@gmail com
ISO 9001 certified company

## भूल सुधार

मिति २०८२/१०/२९ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित यस मेनपावर कम्पनीको युएईमा रोजगार शीर्षक, कम्पनीको नाम: **UNITED SECURITY GROUP - SOLE PROPRIETORSHIP LLC, L.T. No.: 326017, चलानी नं.: ६०२४००३१** र **पूर्व स्वीकृत मिति: २०८२/०३/१०** भएको पून विज्ञापनमा अन्तर्वार्ता स्काई पार्टी प्यालेस, सामाखुसी काठमाडौंमा २०८२ फागुन ९ (21 February 2026), अन्तर्वार्ता एसिया पार्टी प्यालेस बुटवल रुपन्देहीमा २०८२ फागुन १२ (24 February 2026), अन्तर्वार्ता सिपि होटल विर्तामोड, झापामा २०८२ फागुन १३ (25 February 2026) र अन्तर्वार्ता बाजेको सेकुवा पोखरामा २०८२ फागुन १४ गत (26 February 2026) मा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**SUN LIGHT HUMAN RESOURCE PVT. LTD.**
Lic No. 689/063/064
सामाखुसी-०३, काठमाडौं, फोन: ४९८४८३२, ४९८४८३३,
9802341585, 9700558336, 9864827296.
Pokhara Contact No: - 9765938203, Butwal Contact No:- 9857026256,
Birtamode Contact No:- 9852640575

## काठ/दाउरा प्रति ईकाई दररेटको आधारमा बोलपत्रद्वारा लिलाम विक्रिको सूचना

**पहिलो पटक प्रकाशन मिति २०८२/११/०८**

यस कुसुमादेवी सामुदायिक वन उपभोक्ता समुह बारबर्दिया न.पा. ४, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा विभिन्न प्रजातीको काठ १८३९.१७ घ.फि. र दाउरा ४.३३ चट्टा अनुमानित लगत बमोजिम प्रति ईकाई दररेटमा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरि संचालनमा रहेको उद्योगहरुले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि बिस्तृत जानकारीको लागी यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ । पूर्ण व्यहोराको सुचना यस समुहको सुचना पाटीमा टाँस गरिएको छ ।

**श्री कुसुमादेवी सामुदायिक वन उपभोक्ता समुह,**
**बारबर्दिया न.पा. ४ रानीपुर, बर्दिया ।**
**मो.नं. ९८०४५४२०१५**

## मोटरसाईकल हराएको सूचना

मिति २०८२/१०/२८ गते राती अन्दाजी १०:२५ बजेको समयमा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३२ नरेफाँट स्थित सडक खण्डमा पार्किङ गरि राखेको मधेश प्रदेश ०३-०४१ प ८६०७ नम्बरको SPA MET Black Red रङको 220F Pulsar मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहोला ।

**सवारी धनी: मुन्ना कुमार यादव**
**च्यासिस नं.: MD2A13EX5SCG88598**
**इन्जीन नं.: DKXCSG01038**
**सम्पर्क : ९८२५२७९९५३**

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशन मिति २०८२/११/०८**

यस ज्वालागिरी सामुदायिक वन उपभोक्ता समूह, बारबर्दिया न. पा. ०४, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको विभिन्न जात र ग्रेडको गोलिया थान १००२ को २५१४.८१ घ. फि. काठ र दाउरा ३ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरि संचालनमा रहेको उद्योगहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि बिस्तृत जानकारीको लागी यस समूहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ । पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री ज्वालागिरी सामुदायिक वन उपभोक्ता समुह,**
**बारबर्दिया न. पा. ०४, बर्दिया । मो.नं. ९८००५१३३८३**

## युएईमा रोजगार

कम्पनी: **CLICK MORE TECHNICAL SERVICES CO. LLC** शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०६/२० चलानी नं.: ६०२४५५७३ **L.T. No.:331803** पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 3 | 0 | स. काममा दक्ष | 1000 | ३९,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १५ गते (27 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु.२१०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ADVENTURE HUMAN RESOURCE P.LTD.**
श्रम ईजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगाना: सितापाईला, काठमाडौं, नेपाल । फोन नं: ०१-५३८२५९०



## रावा बेसी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

हरमटार, कुभिण्डे, खोटाङ
कोशी प्रदेश, नेपाल

### आन्तरिक आय सङ्कलनको ठेक्का बन्दोबस्त गर्ने बढाबढ बोलपत्र सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति:-२०८२/११/०८)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, प्रारम्भकि वातावरणीय परिक्षण प्रतिवेदन (IEE), कोशी प्रदेश सरकारको आर्थिक ऐन, २०८२ भाग १ को अनुसूची ६ मा भएको व्यवस्था अनुसार देहायका शिर्षकहरूमा कर तथा शुल्क असुली सम्बन्धी आर्थिक वर्ष २०८२/०८३ का लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको website centralized egp portal www.bolpatra.gov.np/egp मार्फत ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानुनी प्रकृया पुरा गरेका इच्छुक फर्महरूले अनलाइन मार्फत बोलपत्र पेश गर्नु पर्नेछ ।

**ठेक्का विवरण**

| ठेक्का नं. | ठेक्काको विवरण | आ.व. २०८२/८३ को लागी निर्धारित ढुंगा, गिटि, बालुवा, स्लेट, ग्राभेल र रोडा आन्तरिक बिक्री तथा घाटगद्दी (स्वीकृत खानी क्षेत्र बाहेक) परिमाण (क्यु.फुट) | ढुंगा, गिटि, बालुवा, स्लेट, ग्राभेल र रोडा आन्तरिक बिक्रि तथा घाटगद्दी (स्वीकृत खानी क्षेत्र बाहेक) को संकलन शुल्क र निकासी शुल्कले हुने न्युनतम अंक रु. (भ्याट सहित) | बोलपत्र दस्तुर रु. | धरौटी रु. |
|---|---|---|---|---|---|
| RAWA/Goods/ NCB-02/2082/83 | दुधकोशी र रावा खोला क्षेत्र | ५५०१२८.८७ | ४३५१५१९.३२/- | ३०००.००/- | कुल कबोल अंकको पाँच प्रतिशत |

## Itahari Sub-Metropolitan City
## Office of the Municipal Executive

Itahari, Sunsari

### Invitation for Bids

**Date of Publication: 2082/11/08 BS**

1. Itahari Sub-Metropolitan City Office of the Municipal Executive, Itahari Sunsari invites NCB from eligible domestic bidders for the Contracts named below.

| S. N. | Contract Identification Number | Work/Description | Estimated Amount (without VAT and contingency but including PS) NRs. | Bid Price (NRs) | Bid Security Amount (NRs) | Bid Security Period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | ITR/NCB/ 42W/082/083 | Construction of drain, protection wall and gravel filling in Pabson marga of Pathibhara tole, Itahari-5, Sunsari | 35,80,288.70 | 3,000 | 95,000.00 | 120 days | NCB |

2. Bidder Shall have the option of submitting their bids electronically only. Submission of Hard Copy bids shall not be entertained.
3. Matters not Covered in the notice shall be accordance with prevailing rules and regulation of GoN.
4. Any amendments in this Tender notice will be posted in the notice board of Itahari Sub-Metropolitan City, Office of the Municipal Executive or may Visit PPMO e-GP System at www.bolpatra.gov.np/egp.

## KI Singh Rural Municipality
## Office Of The Rural Municipal Executive

Wayal, Doti
Sudurpachim Province, Nepal

### Invitation for E-Bid

**First Date of Publication: 2026-Feb-20**

KI Singh Rural Municipality, Office of Municipal Executive, Wayal, Doti invites electronic bids for the following works under National Competition Bidding (NCB)

| S. N | Invitation for Bids No. | Name of Project | Estimated Amount | Average annual Turnover (Nrs) | Minimum work Experience of Similar type of Works (Nrs) | Bid Security | Last Date of Bid Submission | Bid opening Date | Cost of Bidding Document (Nrs) | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 03/NCB/W/ KISRUM/2082/083 | Construction and Maintenance of Murada Alleban Ghatlaya Lekgada Hudai Naridang Pipalla Jodne Sadak | NA | 2,50,00,000.00 | 2,07,00,000.00 | 15,00,000.00 | 22nd March 2026, 12:00 | 22nd March 2026, 1:00 | 5,000.00 | 1S2E |

Eligible Bidder may obtain further and detail information and shall take part in bidding process from PPMO’s website www.bolpatra.gov.np/egp

**For Chief Administrative Officer**

## एन्फा महिला च्याम्पियनसिप

# उपाधिका लागि एपिएफ र आर्मी भिड्ने

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ७ फागुन

एन्फा महिला फुटबल च्याम्पियनसिपको उपाधिका लागि एपिएफ क्लब र त्रिभुवन आर्मी फुटबल क्लब आमनेसामने हुने भएका छन्। उदयपुरको गाईघाटस्थित थारुहट रंगशालामा बिहीबार सम्पन्न दोस्रो सेमिफाइनलमा एपिएफले संकटा फुटबल क्लबलाई ३-० गोल अन्तरले पराजित गर्दै फाइनलको यात्रा तय गरेको हो ।



खेलको १०औं मिनेटमा रश्मी कुमारी घिसिङले गोल गर्दै एपिएफलाई अग्रता दिलाइन् । त्यसको दुई मिनेटपछि नै अनिता केसीले अर्को गोल थप्दा एपिएफले पहिलो हाफमै २-० को बलियो अग्रता बनायो ।

